प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १८६ | काठमाडौं | मंगलबार, १७ कात्तिक २०८३ | Prabhab National Daily | Tuesday, 03 November 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

२८ जिल्लामा सकियो देउवा समूहको अधिवेशन

देउवा पुनः प्रधानमन्त्री बन्ने नेता बस्नेतको दाबी



- सोमबार साँझसम्ममा २८ जिल्लामा अधिवेशन सकाएको देउवा समूहले मंसिर ४ मा प्रदेश अधिवेशन गर्दै
- देशभर अधिवेशनमा उत्साहजनकरूपमा अधिवेशन सुरू भएको दाबी

■ **प्रभाव संवाददाता**

काठमाडौं– आधिकारिता दाबी गर्दै नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा समूहले सुरु गरेको जिल्ला अधिवेशन सोमबारसम्म २८ जिल्लामा सम्पन्न भएको छ। १५औं महाधिवेशन तयारी सचिवालय संयोजक दिपकप्रसाद कुइँकेलले आइतबारदेखि देशभर सुरु भएको जिल्ला अधिवेशन उत्साहजनक रूपमा भइरहेको बताए।

अर्नब चक्रवातका कारण आएको वर्षाको प्रभाव पर्ने देखेर धेरै जिल्लामा मिति परिवर्तन भए पनि अधिवेशन धमाधम हुन थालेको कुइँकेलले बताए। 'हामीले सोमबार साँझसम्म २८ जिल्लामा अधिवेशन सकाएका छौं,' उनले भने, 'प्रदेश अधिवेशन मंसिर ४ गतेका लागि तोकिएको छ। उक्त समयसम्ममा ७७ जिल्लाकै अधिवेशन सकिन्छ।'

देउवा समूहको कार्यतालिकामा आइतबार अर्थात् कात्तिक १५ गते देशभर जिल्ला अधिवेशन तोकेको थियो। क्षेत्रीय अधिवेशन भने दसैंअघि नै असोज २३ गतेसम्म गर्न भनिएको थियो। यद्यपि कतिपय स्थानमा बडा अधिवेशनसमेत हुन सकेको छैन। देउवा समूहका महाधिवेशन संयोजक डा. शशांक कोइराला हुन्। यस महाधिवेशन निर्वाचन समितिका संयोजक एकराज पोखरेलका अनुसार मंसिर ४ सम्ममा जिल्ला अधिवेशन गर्न सकिने बताए। 'कात्तिक १५ गते जिल्ला अधिवेशन हो। उक्त दिन नसके म्याद थप हुन्छ,' पोखरेलले भने।

कहाँ को भए जिल्ला सभापति ?

बैतडीको जिल्ला सभापति वीरबहादुर विष्ट चयन भएका छन्। विष्ट कांग्रेस सभापति गगननिकट पात्र हुन्। संखुवासभामा रामकुमार जिमी, भोजपुरमा धर्मराज राई र झापामा कृष्ण हुमागाईं जिल्ला सभापतिमा चयन भएका छन्।

हुम्लामा सूर्यबहादुर शाही, जुम्लामा नेत्रकला शाही, मुगुमा तिलक मल्ल, रुकुम पश्चिममा नन्दबहादुर विष्ट, कालिकोटमा नगेन्द्र विष्ट, डोटीमा बाजीसिंह खड्का जिल्ला सभापति बनेका छन्।

⏭ क्रमशः पृष्ठ २ मा

Siddhartha Bank

NPL

NEPAL PREMIER LEAGUE

सोमबारको नतिजा

काठमाडौं गोर्खाज् ४ विकेटले विजयी

१८०/६ (२०) | १८१/६ (१९.४)

सुदूरपश्चिम रोयल्स ५ विकेटले विजयी

१२९/६ (२०) | १३०/५ (१६.५)

आजको खेल

अपराह्न १२:३० बजे

अपराह्न ४:३० बजे

सरकारको कार्यशैलीविरुद्ध प्रतिपक्षी दलहरू एक ठाउँमा



संसद्बाटै बन्ने महाभियोग समितिले तथ्य र प्रमाणको आधारमा महाभियोग अघि बढाउने नबढाउने निर्क्योल गर्ला । तर, प्रधानमन्त्री वालेन्द्र शाह र रास्वपा सांसद विश्वराज पोखरेलसमेत मुछिएको हुनाले संसदीय समिति गठन गरेर छानबिन गर्नुपर्छ ।

■ **भीष्मराज आङ्देम्बे**

नेता, नेपाली कांग्रेस संसदीय दल



सोमबार सिंहदरबारस्थित कांग्रेस संसदीय दलको कार्यालयमा बसेको प्रतिपक्षी दलहरुको बैठकमा सहभागी नेताहरु । *तस्विर: रासस*

■ **जेबी योञ्जन**

काठमाडौं– सरकारको कार्यशैली, न्यायालयमाथि उठेका प्रश्न, पत्रकार पक्राउ र सञ्चारगृहमा प्रहरी परिचालनलगायत विषयलाई लिएर प्रतिपक्षी दलहरू एक ठाउँमा उभिएका छन्।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको आह्वानमा सोमबार बसेको प्रतिपक्षी दलहरूको बैठकमा नेताहरूले सरकारको कार्यशैलीप्रति चर्को असन्तुष्टि जनाउँदै संसद् बैठक तत्काल बोलाउनुपर्ने आवश्यकता औंल्याएका छन्। नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेताहरूले मुलुकको राजनीतिक तथा संवैधानिक अवस्था बिग्रँदै गएको निष्कर्ष सुनाएका हुन्।

उनीहरूले सरकारको स्वेच्छाचारिता नियन्त्रण गर्न र लोकतान्त्रिक संस्थाहरूको रक्षा गर्न प्रतिपक्षी दलहरूबीच एजेण्डागत सहकार्य आवश्यक रहेको बताएका छन्। बैठकमा नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सरकारको कार्यशैलीले मुलुकको संकट गहिरिँदै गएको बताए। उनले सरकारले कानुनी व्यवस्था कमजोर बनाउँदै लोकतान्त्रिक संस्थाहरूमाथिको हस्तक्षेप बढाएको आरोप लगाए। 'सरकारको स्वेच्छाचारिता बढ्यो। कानुनी व्यवस्था कमजोर बनायो। लोकतान्त्रिक संस्थाहरूमाथि हस्तक्षेप बढ्यो। संकट गहिरिँदै गयो,' आङ्देम्बेको भनाइ थियो।



देशको परिस्थिति झनझन बिग्रिँदै गयो । संविधान र लोकतन्त्र खतरामा पर्दै गयो । प्रतिपक्षी दलहरूले एजेण्डागत सहकार्य गर्नुपर्ने भयो ।

■ **पद्मा अर्याल**

उपनेता, एमाले संसदीय दल

दलका नेता भीष्मराज आङ्देम्बेले सरकारको कार्यशैलीले मुलुकको संकट गहिरिँदै गएको बताए । उनले सरकारले कानुनी व्यवस्था कमजोर बनाउँदै लोकतान्त्रिक संस्थाहरूमाथिको हस्तक्षेप बढाएको आरोप लगाए । 'सरकारको स्वेच्छाचारिता बढ्यो । कानुनी व्यवस्था कमजोर बनायो । लोकतान्त्रिक संस्थाहरूमाथि हस्तक्षेप बढ्यो । संकट गहिरिँदै गयो,' आङ्देम्बेको भनाइ थियो ।



संविधान र कानुनभन्दा माथि सरकार देखिएको छ । यो राम्रो होइन । प्रतिपक्षी, संसद्, जनता र प्रेसलाई हेप्ने काम भयो । यो ठीक होइन ।

■ **प्रमेश हमाल**

उपनेता, नेकपा संसदीय दल

उनले न्यायालयमाथि उठेका प्रश्नलाई गम्भीररूपमा लिनुपर्ने बताए । राज्यका संस्थाहरूमध्ये जनताको भरोसा रहेको न्यायालयमाथिसमेत विश्वास गुम्ने अवस्था सिर्जना भएको उनको भनाइ थियो ।

न्यायाधीश हरिप्रसाद फुयाल र प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा बिचौलिया इनम सापकोटासँग जोडिएको विषयमा पनि आङ्देम्बेले प्रश्न उठाए ।



सरकारको रवैया बढ्यो । वालेन्द्र सरकार जनहित विरोधी र राष्ट्रहित विरोधी बाटोमा छ ।

■ **खुश्बु ओली**

सचेतक, राप्रपा

उक्त प्रकरणमा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट महाभियोगको प्रक्रिया अघि बढाउने तयारी देखिएको भन्दै उनले संसद्ले तथ्य र प्रमाणका आधारमा निर्णय गर्नुपर्ने बताए ।

तर, उक्त प्रकरणमा प्रधानमन्त्री वालेन्द्र शाह र रास्वपा सांसद विश्वराज पोखरेलसमेत जोडिएको भन्दै उनले संसदीय समिति गठन गरेर छानबिन गर्नुपर्ने माग गरे ।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

जिटुजी प्रक्रियामा भूमिका खोज्दै वैदेशिक रोजगार व्यवसायी

व्यवसायीको सहभागिता तथा सहकार्यको स्पष्ट व्यवस्था गर्न माग



■ **ममता थापा**

काठमाडौं– सरकारले जिटुजीमार्फत श्रमिक पठाउने विषयमा जोड दिएसँगै त्यसमा निजी क्षेत्रको भूमिकाबारे नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सरकारको ध्यानाकर्षण गराएको छ । सोमबार युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवलाई भेटेर संघको प्रतिनिधिमण्डलले नेपाल सरकारको उक्त नीतिमा व्यवसायीको सहभागिता तथा सहकार्यको स्पष्ट व्यवस्था गर्न माग गरेको छ ।

श्रम मन्त्रालयले हाल मौरिससमा सरकारी संयन्त्रबाट श्रमिक पठाउने तयारी अघि बढाएको छ । नेपालको प्रस्ताव मौरिससले स्वीकार गरेर समझदारीपत्रको संशोधित मस्यौदासमेत पठाइसकेको छ । उक्त प्रणालीमा इजाजतपत्र प्राप्त व्यवसायीको भूमिका प्रस्टचाउन सरकारसमक्ष माग गरेको संघका महासचिव हिराबहादुर डाँगीले जानकारी दिए ।

अध्यक्ष डिकबहादुर खत्रीसहित संघका पदाधिकारीहरू सम्मिलित सो भेटमा संघले वैदेशिक रोजगार क्षेत्रका विद्यमान समस्याका विषयमासमेत सरकारको ध्यानाकर्षण गराएको छ । संघले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा देखिएका प्राविधिक समस्याको तत्काल समाधान माग गरेको जनाएको छ । संघले वैदेशिक रोजगार विभागभित्रको सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी, सहज र व्यवसायीमैत्री बनाउन प्रशासनिक सुधारको मागसमेत राखेको जनाइएको छ । महासचिव डाँगीका अनुसार वैदेशिक रोजगार व्यवसायलाई व्यवस्थित, मर्यादित, सुरक्षित र प्रतिस्पर्धात्मक बनाउन आवश्यक नीतिगत तथा कानुनी सुधारको विषयमासमेत ध्यानाकर्षणपत्रमा उल्लेख गरिएको छ ।

संघले साउदी अरबको श्रमिक छनोट तथा सीप परीक्षण (एसभिपी) सम्बन्धी प्रक्रियामा देखिएका अव्यावहारिक समस्याको समाधान तथा नेपाली श्रमिक र व्यवसायीलाई अनावश्यक आर्थिक तथा प्रशासनिक भार नपर्नेगरी सहजीकरण गर्नुपर्ने माग पनि राखेको छ । साथै, पिबी सिरियल नम्बर भएका नेपाली राहदानीहरू गन्तव्य मुलुकको अध्यागमन प्रणालीमा अनलाइन नहुँदा भिसा प्रक्रियामा देखिएको समस्या समाधानका लागि सम्बन्धित निकाय तथा गन्तव्य मुलुकसँग आवश्यक कूटनीतिक र प्राविधिक पहलका लागि संघले जोड दिएको छ ।

यसबाहेक समग्र वैदेशिक रोजगार क्षेत्रको नीतिगत सुधार, व्यवसायीका हकहितको संरक्षण तथा श्रमिकको हित प्रवर्द्धनलगायत संघले विगतमा राखेको १७ बुँदे माग तथा सुधारका विषयलाई कार्यान्वयनमा ल्याउनसमेत ध्यानाकर्षण गराएको महासचिव डाँगीले बताए ।

⏭ क्रमशः पृष्ठ २ मा

मलेसियाले अदक्ष विदेशी श्रमिकमा निर्भर उद्योगलाई सञ्चालन अनुमति नदिने



काठमाडौं (प्रस)– अदक्ष विदेशी श्रमिकमा अत्यधिक निर्भर उत्पादनमूलक उद्योगलाई मलेसिया सरकारले सञ्चालन अनुमति नदिने भएको छ । उद्योगहरूले स्वदेशी श्रमिकलाई राम्रो पारिश्रमिक दिनपर्ने र उत्पादन प्रक्रियामा स्वचालित प्रणाली अघि बढाउनुपर्ने नीति सरकारले अघि सारेको छ ।

मलेसियाका लगानी, व्यापार तथा उद्योगमन्त्री दातुक सेरी जोहारी अब्दुल गानीले नयाँ लगानीका नाममा विदेशी श्रमिकमा निर्भर पुरानै मोडललाई निरन्तरता दिने प्रवृत्तिको अन्त्य गर्ने बताएको 'द स्टार'ले जनाएको छ । उनका अनुसार मलेसियामा प्रविधिक सीप भएका जनशक्ति वृद्धि हुँदै गए पनि कतिपय उद्योग लामो समयदेखि विदेशी श्रमिकमै निर्भर छन् ।

मलेसिया नेपालीहरूको प्रमुख श्रम गन्तव्य हो । त्यहाँ उत्पादन, निर्माण, सेवालगायतका क्षेत्रमा चार लाखभन्दा बढी नेपाली कार्यरत छन् । रोजगारी अवरोध नभएको अवस्थामा उक्त मुलुकमा वार्षिक एक लाखभन्दा बढी नेपाली जाने गर्छन् । सरकारको यस्तो नीतिले त्यहाँ कार्यरत तथा रोजगारीका लागि जाने नेपालीहरूलाई प्रत्यक्ष प्रभावित हुनसक्ने देखिन्छ ।

⏭ क्रमशः पृष्ठ २ मा

स्वदेशी नागरिकको रोजगारीलाई प्रोत्साहन गर्दै साउदी सरकार

■ **प्रभाव संवाददाता**

काठमाडौं– साउदी अरबले आफ्ना नागरिकलाई निजी क्षेत्रमा रोजगारी दिन प्रोत्साहन गर्ने उद्देश्यले रोजगार सहायता कार्यक्रमअन्तर्गत न्यूनतम पारिश्रमिक बढाउने भएको छ । साउदी मानव संसाधन विकास कोष (एचआरडिएफ)ले सन् २०२७ अप्रिल २५ देखि यस्तो कार्यक्रमअन्तर्गत नयाँ आवेदन दिने कर्मचारीको न्यूनतम पारिश्रमिक चार हजार रियालबाट बढाएर पाँच हजार रियाल पुऱ्याउने जनाएको छ ।

सन् २०२८ को अप्रिलदेखि सो पारिश्रमिकमा पनि वृद्धि गरी छ हजार रियाल पुऱ्याइने जनाइएको छ । साउदी प्रेस एजेन्सीका अनुसार यसले विदेशी श्रमिकमाथिको निर्भरता घटाउँदै निजी क्षेत्रमा स्वदेशी नागरिकको पहुँच बढाउन सहयोग गर्ने छ ।

साउदी नेपाली श्रमिकका लागि प्रमुख श्रम गन्तव्य हो । त्यहाँ निर्माण, सरसफाइ, होटल, यातायात तथा अन्य सेवा क्षेत्रमा ठूलो संख्यामा श्रमिक कार्यरत छन् । साउदीले आफ्नो नागरिकलाई रोजगारीमा प्राथमिकता दिने नीति अघि बढाउँदै जाँदा त्यहाँ



कार्यरत विदेशी श्रमिकको माग, रोजगारीको प्रकृति र भर्ना प्रक्रियामा परिवर्तन आउने सक्ने देखिन्छ ।

साउदी रोजगार सहायता कार्यक्रमअन्तर्गत पहिलो चरणमा सन् २०२७ को अप्रिल २५ देखि नयाँ आवेदकका लागि न्यूनतम तलब पाँच हजार रियाल हुने छ । दोस्रो चरणमा सन् २०२८ अप्रिल २५ देखि नयाँ आवेदकका लागि उक्त रकम छ हजार पुऱ्याइने छ । दुवै परिवर्तन पहिले नै स्वीकृति सहायता प्राप्त गरिसकेका कर्मचारीको हकमा क्रमशः सन् २०२७ को मे र २०२८ को मे महिनाको भुक्तानीदेखि लागू हुने जनाइएको छ ।

साउदी सरकारले 'निताकात' कार्यक्रममार्फत पनि निजी क्षेत्रमा कम्पनीमा आफ्ना नागरिकको रोजगारी सुनिश्चित गर्न खोजिरहेको बताइन्छ ।

⏭ क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

२८ जिल्लामा...

'संसद्बाटै बन्ने महाभियोग समितिले तथ्य र प्रमाणको आधारमा महाभियोग अघि बढाउने नबढाउने निर्क्योल गर्ला । तर, प्रधानमन्त्री वालेन्द्र शाह र रास्वपा सांसद विश्वराज पोखरेलसमेत मुछिएको हुनाले संसदीय समिति गठन गरेर छानबिन गर्नुपर्छ,' आङ्देम्बेको भनाइ थियो ।

यसैगरी दैलेखमा दिनेशकुमार हमाल, दार्चुलामा सुरेन्द्र अवस्थी, सल्यानमा दीपक चन्द, बारामा राजेश राय यादव, धनुषामा कोमलकान्त झा जिल्ला सभापतिमा निर्वाचित भएका छन् । बागमतीको चितवनमा मिलनबाबु श्रेष्ठ, सिन्धुपाल्चोकमा बालकृष्ण बस्नेत निर्वाचित भएका छन् । प्युठानमा देवेन्द्र बर्मा, कपिलवस्तुमा राजेश सिंह, पर्वतमा यमबहादुर (रामकृष्ण) मल्ल, म्यार्दीमा हिराबहादुर पुन, रोल्पामा मानबहादुर खत्री निर्वाचित भएका छन् ।

कास्कीमा ऋषिलाल काफ्ले जिल्ला सभापति हुँदा बझाङमा हर्कजंगबहादुर सिंह कांग्रेस देउवा समूहका सभाति बनेका छन् । त्यसैगरी दाडमा गोपालराज शर्मा सर्वसम्मत सभापति बनेका छन् ।

देउवा फेरि सभापति बन्ने दाबी

कांग्रेस नेता मोहनबहादुर बस्नेतले कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा फेरि प्रधानमन्त्री बन्ने दाबी गरेका छन् । सोमबार सिन्धुपाल्चोकको बाह्रबिसेमा जिल्ला अधिवेशन उद्घाटनका क्रममा बस्नेतले गगन थापाका कारण देउवा फेरि प्रधानमन्त्री बन्ने योग आएको बताएका हुन् ।

सभापतिमा विधानतः लड्न नपाउने देउवालाई तीन महिनामात्र पर्खेको भए गगन स्वतः सभापति बन्नेमा विशेष महाधिवेशन गरेर बाटो बन्द गरेको बस्नेतको आरोप थियो । 'निर्वाचनअघि महाधिवेशन नगरौं भन्दाभन्दै विशेष महाधिवेशन गरेर, तीन महिना कुर्न नसकेर चटके सभापति भएका छन् । अब देउवा ब्याक भइसकेका छन् । फेरि प्रधानमन्त्री भए अचम्म नमाने हुन्छ,' बस्नेतले भने । बाह्रबिसेमा देउवा समूहले शक्ति प्रदर्शन गरेको थियो । सोमबार नै देउवा समूहले दाङ, बाजुरालगायत जिल्लामा पनि अधिवेशनअघि शक्ति प्रदर्शन गरेको थियो ।

महाधिवेशन खुल्लामञ्चमै

देउवापक्षले पनि १५औं महाधिवेशन काठमाडौंको खुलामञ्चमै गर्ने भएको छ । देउवापक्षले पूर्वमहामन्त्री डा. शशांक कोइरालाको नेतृत्वमा १५औं महाधिवेशन तयारी समिति गठन गरेको छ । तयारी समितिको सचिवालयका प्रमुख दीपक कुइँकेलले खुलामञ्चमै उद्घाटन समारोह गर्ने तय भएको बताए ।

देउवापक्षले आउँदो मंसिर २१ देखि २३ गतेसम्म महाधिवेशन गर्ने तय गरेको छ । मंसिर २१ गते खुलामञ्चमा महाधिवेशनको उद्घाटन समारोह हुने भएको छ । यसअघि विशेष महाधिवेशनबाट आएको गगन नेतृत्वको कांग्रेस केन्द्रीय कार्यसमितिले खुलामञ्चमा महाधिवेशन उद्घाटन गरेको थियो ।

महाविधेशन प्रतिनिधिलाई खानाको व्यवस्था भृकुटीमण्डपमा गर्ने तय भएको कुइँकेलले जानकारी दिए । त्यस्तै, निर्वाचनलगायत कार्यक्रम राष्ट्रिय सभागृहमा हुने छन् ।

■■■

सरकारको...

उनले न्यायालयको विवादमामात्रै संसद् सीमित हुन नहुने बताए । महँगी, राष्ट्रियता, प्रेस जगतमाथि राज्यको हस्तक्षेप, प्रहरी संगठन र कर्मचारीमाथिको ज्यादती तथा जनजीविकाका सवालमासमेत संसद्मा छलफल गर्नुपर्ने उनको माग थियो ।

त्यसैगरी, भोटेकोशी र त्रिशूलीमा आएको बाढीबाट प्रभावित नागरिकलाई राहत र पुनर्स्थापनाको विषय पनि संसद्मा उठाउनुपर्ने उनले बताए ।

एमाले संसदीय दलकी उपनेता पद्मा अर्यालले पनि मुलुकको अवस्था गम्भीर बन्दै गएको बताइन् । उनले संविधान र लोकतन्त्र नै खतरामा पर्ने अवस्था आएको भन्दै प्रतिपक्षी दलहरूबीच सहकार्य अपरिहार्य भएको बताइन् । 'देशको परिस्थिति झन् झन् बिग्रिँदै गयो । संविधान र लोकतन्त्र खतरामा पर्दै गयो । प्रतिपक्षी दलहरूले एजेण्डागत सहकार्य गर्नुपर्ने भयो । स्थिति खराब भयो,' अर्यालको भनाइ थियो ।

उनले संसद् बैठक बोलाउनुपर्ने आवश्यकता टरिसकेको बताइन् । महँगी बढिरहेको, राष्ट्रियता कमजोर हुँदै गएको र प्रहरी संगठनमाथि हस्तक्षेप भइरहेको उनको आरोप थियो । विशेषगरी, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि सरकारले नै प्रहार गरिरहेको भन्दै उनले पत्रकार पक्राउ गर्ने र सञ्चारगृहमा प्रहरी परिचालन गर्ने क्रम नरोकिए प्रेस स्वतन्त्रता नै संकटमा पर्ने चेतावनी दिइन् ।

'पत्रकार धरपकड गरिरहने, सञ्चार गृहमा प्रहरी परिचालन गर्दै जाने हो भने प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता नै नरहने स्थिति आउन सक्छ,' अर्यालले भनिन् ।

नेकपा संसदीय दलका उपनेता प्रमेश हमालले सरकार झन् स्वेच्छाचारी बन्दै गएको टिप्पणी गरे । सरकारका कदमलाई समयमै रोक्न प्रतिपक्षी दलहरूले प्रभावकारी भूमिका खेल्नुपर्ने उनको भनाइ थियो । उनले सरकार संविधान र कानुनभन्दा माथि देखिन थालेको भन्दै त्यसलाई गलत प्रवृत्तिको संज्ञा दिए । 'संविधान र कानुनभन्दा माथि सरकार देखिएको छ । यो राम्रो होइन । प्रतिपक्षी, संसद्, जनता र प्रेसलाई हेप्ने काम भयो । यो ठीक होइन,' हमालले भने ।

उनका अनुसार सरकारको कार्यशैलीप्रति प्रतिपक्षी दलहरू मौन बस्ने अवस्था छैन । सरकारलाई संविधान र कानुनी सीमाभित्र राख्न संसद् र प्रतिपक्षीको भूमिका प्रभावकारी हुनुपर्ने उनको जोड थियो ।

यता, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की सचेतक खुशबु ओलीले पनि सरकारको रवैयाप्रति असन्तुष्टि जनाइन् । उनले वालेन्द्र सरकार जनहित र राष्ट्रहितविरोधी बाटोमा अघि बढिरहेको आरोप लगाइन् । 'सरकारको रवैया बढ्दो । वालेन्द्र सरकार जनहित विरोधी र राष्ट्रहित विरोधी बाटोमा छ,' ओलीको भनाइ थियो ।

उनले सरकारका गतिविधिमाथि प्रश्न उठाउने र त्यसविरुद्ध प्रभावकारी भूमिका खेल्ने विषयमा प्रतिपक्षी दलहरूबीच सहकार्य बढाउनुपर्ने बताइन् ।

सोमबारको बैठकमा सहभागी चार दलका नेताहरूको अभिव्यक्तिले प्रतिपक्षी दलहरू सरकारको कार्यशैली, न्यायालयको विवाद र प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेपलाई साझा राजनीतिक मुद्दा बनाउन खोजिरहेको देखाएको छ । उनीहरूले यी विषयमा संसद्मा छलफल गराउनुपर्ने र सरकारलाई जवाफदेही बनाउनुपर्नेमा जोड दिएका छन् ।

■■■

जिटुजी...

सो क्रममा व्यवसायीले राखेका विषयलाई मन्त्री यादवले सकारात्मक रूपमा लिएको उनको भनाइ छ ।

'मन्त्रीज्यूले संघले उठाएका विषय तथा समस्याहरूप्रति सकारात्मक चासो र प्रतिबद्धता व्यक्त गर्नुभएको छ,' महासचिव डाँगीले भने, 'साथै, सरकार र वैदेशिक रोजगार व्यवसायीबीच पारस्परिक सम्बन्ध, सहकार्य र समन्वयको विकास गर्दै दुवै पक्षलाई एकअर्काको प्रतिस्पर्धी नभई सहयात्रीका रूपमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।'

■■■

मलेसियाले...

समाचारका अनुसार सोमबार त्यहाँको संसद्मा सांसदको प्रश्नको जवाफ दिँदै उद्योगमन्त्री जोहारीले पहिले नै सञ्चालनमा रहेका उद्योगजस्तै अदक्ष विदेशी श्रमिकमा नर्भर उद्योग व्यवसायलाई नयाँ अनुमति नदिइने बताएका हुन् । उनले नयाँ लगानीले स्वदेशी जनशक्तिको सीप, प्रविधि र उत्पादकत्व बढाउन सहयोग गर्नुपर्नेमा जोड दिए । मलेसियामा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (टिभिइटी) गरेका चार लाखभन्दा बढी जनशक्ति उपलब्ध रहेको उनको भनाइ छ ।

मन्त्रीका अनुसार त्यहाँका नागरिक सिंगापुरमा तथा पर्याप्त आम्दानी हुने गिग अर्थतन्त्रमा आधारित काम गर्छन् । जसले त्यहाँका नागरिक काम गर्न नचाहेको नभई कामअनुसारको पारिश्रमिक नपाएको देखिने उनको तर्क थियो । मन्त्री जोहारीले विदेशी श्रमिकलाई डर्टी, डिफिकल्ट र डेञ्जर (थ्रिडी) काममा सीमित गर्नुपर्ने बताएको समाचारमा भनिएको छ ।

मलेसियामा हाल वैधानिकरूपमा २६ लाख विदेशी श्रमिक कार्यरत रहेका जनाइएको छ । सरकारले विदेशी श्रमिकको व्यवस्थापनमा कस्तो नीति ल्याउँछ भन्नेले रोजगारीको अवसर निर्धारण गर्ने देखिन्छ ।

■■■

स्वदेशी...

यस कार्यक्रमले कम्पनीमा साउदी नागरिकको रोजगारी सम्बन्धि मापदण्ड पूरा भए/नभएको आधारमा कम्पनीलाई वर्गीकरण गर्छ । स्थानीय नागरिकलाई रोजगारी दिनुपर्ने व्यवस्था कडाइका साथ लागू हुँदै गर्दा विदेशी कामदारको मागमा पर्ने प्रभाव नेपालजस्ता मुलुकमा पनि पर्ने देखिन्छ ।

यद्यपि, साउदी नागरिकको पारिश्रमिकमा हुने वृद्धिले विदेशी श्रमिकको तलब बढ्ने या रोजगारी तत्काल कटौती हुने भने हुँदैन । तर साउदीले स्थानीय नागरिकलाई रोजगारीको नीतिलाई बलियो बनाउँदै लग्दा नेपाली श्रमिकले पाउने रोजगारीको अवसरलाई भने असर गर्न सक्ने जानकारहरू बताउँछन् । गन्तव्य मुलुकले आफ्ना नागरिकको रोजगारीलाई प्राथमिकतामा राख्दै गर्दा नेपालले पनि अदक्ष श्रमिक पठाउने अवस्थालाई न्यूनीकरण गर्नु आवश्यक रहेको उनीहरूको भनाइ छ ।

सरकारी खरिद प्रणालीमा विवरण हेरफेर गर्ने पक्राउ

काठमाडौं (प्रस)– नेपाल प्रहरीले सरकारी खरिद प्रणालीमा अनधिकृत पहुँच पुऱ्याइ विभिन्न ठेक्काको विवरण हेरफेर गर्ने तीन जनालाई पक्राउ गरेको छ ।

प्रहरीको साइबर ब्युरोले सार्वजनिक खरिद अनुगमन कार्यालय (पिपिएमओ) को इ-सरकारी खरिद प्रणालीमा अनधिकृत पहुँच पुऱ्याइ विभिन्न ठेक्काका विवरण हेरफेर गरेको आरोपमा उनीहरूलाई पक्राउ गरेको हो ।

ब्युरोका प्रवक्ता, प्रहरी उपरीक्षक दीपकराज अवस्थीले ठेक्काको आर्थिक प्रस्ताव खोल्नुअघि नै प्रस्तावसँग सम्बन्धित कागजात (डकुमेन्ट) परिवर्तन गरेको आरोपमा तीन जनालाई पक्राउ गरेको जानकारी दिए । पक्राउ परेका व्यक्तिको परिचय भने खुलाइएको छैन ।

ब्युरोमा प्राप्त निवेदनका आधारमा गरिएको प्राविधिक अनुसन्धान तथा विश्लेषणबाट संलग्नता खुलेपछि जिल्ला अदालत काठमाडौंबाट पक्राउ अनुमति लिएर उनीहरूलाई पक्राउ गरिएको प्रवक्ता अवस्थीले बताए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६७/११/२३ मा दर्ता भएको प्रा.लि.नं. ८१२५९ को **एन.आर.टि इन्टरप्राइजेज प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/१०/२८ मा दर्ता भएको प्रा.लि.नं.१८३६६७ को **सनसाइन म्याजेट एण्ड इलेक्ट्रोनिक हाउस प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७५/०१/०५ मा दर्ता भएको **टर्नर कन्स्ट्रक्सन प्राइभेट लिमिटेड (प्रा.लि. नं.१८७८७७)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०८/०३ मा दर्ता कायम भएको **रारालयाण्ड एण्ड मोडर्न डेभलपर्स प्रा.लि.** (प्रा.लि.नं. **५७६६६/०६५/०६६**) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०७/१६ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर
इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०७/१७ गते

यस कम्पनीको मिति २०८३/०७/११ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **युनिक भिजन इङ्गलिस बोर्डिङ स्कूल बझाङ प्रा.लि.**को नाम परिवर्तन गरी **युनिक भिजन इङ्गलिस बोर्डिङ स्कूल कञ्चनपुर प्रा.लि.(दर्ता नम्बर १३६७२२)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०७/१३ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नामना रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

विशेष दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०६५/०४/२१ मा दर्ता भएको प्रा.लि.नं.५५०३६ को **सि.एम.इ.सी. प्रा.लि.**नामक कम्पनी यस कार्यालयमा मिति २०८३/०७/१६ गतेको निर्णय अनुसार कम्पनी ऐन १३६ 'क' बमोजिम **विशेष दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

विशेष दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०४७/११/३० मा दर्ता भएको प्रा.लि.नं. ४४१३ को **हिमालयन ब्रेक फ्याक्ट्री प्रा.लि.** नामक कम्पनी यस कार्यालयमा मिति २०८३/०७/१२ गतेको निर्णय अनुसार कम्पनी ऐन १३६ 'क' बमोजिम **विशेष दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८२/१०/११ मा दर्ता भएको प्रा.लि.नं. ३८३६७३ को **पंडीत समीर डेस्टुडेन्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०६४/१२/२० मा दर्ता भएको **सुच्चा ट्रेनिङ्ग एण्ड पार्टिङ्ग म्यानेजमेन्ट प्राइभेट लिमिटेड (प्रा.लि. नं. ५२६७८)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६९/०६/२२ दर्ता भएको **प्रा.लि न १०६५८६/०६९/०७०** को **एपोलो कन्स्ट्रक्सन प्रा. ली.** को मिति २०८३/०६/२४ मा विशेष बैठकले विशेष प्रस्ताव पारित गरि निर्णय भए अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय अनुसार यस कम्पनीमा कोही कसैको केही बाँकी बक्यौता भएमा वा लेनदेन आदि बाकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र हकदावि गर्न निम्न लिखित लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४
ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४

हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना !

प्रकाशित मिति २०८३/०७/१७ गते

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/११/१२ मा दर्ता कायम भएको **बि.एन.जी.एण्ड सन्स प्रा.लि नं. २८४८८९/२०७८/०७९** लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०७/१६ गतेको विशेष बैठकले निर्णय गरेको ले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

श्रवण कुमार श्रेष्ठ (लिक्विडेटर)
इजाजत पत्र नं.४०४, फोन नं.९८५१२१७००४

आजको राशिफल



ज्यो. गुरू अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

मंगलबार, १७ कात्तिक, २०८३

मेष मनमा उत्साह बढ्नेछ । रोकिएको काम पूरा हुँदा सन्तुष्टि मिल्नेछ ।

वृष कामको दबाव बढ्न सक्छ । धैर्य र संयमले समस्या समाधान हुनेछ ।

मिथुन काममा उत्साह बढ्नेछ । आर्थिक पक्षमा सुधारको संकेत छ ।

कर्कट नयाँ अवसर प्राप्त हुन सक्छ । बोलीमा संयम अपनाउनुहोस् ।

सिंह रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट राम्रो सहयोग मिल्नेछ ।

कन्या साथीभाइबाट सहयोग मिल्नेछ । आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् ।

तुला मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । खर्चमा ध्यान दिनुहोला ।

वृश्चिक आत्मविश्वास बढ्नेछ । नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ ।

धनु काममा सफलता मिल्नेछ । स्वास्थ्य र आराममा ध्यान दिनुहोस् ।

मकर नयाँ सम्पर्कले अवसर ल्याउन सक्छ । आम्दानीका स्रोत बढ्ने संकेत छ ।

कुम्भ महत्त्वपूर्ण काम पूरा हुने दिन छ । पारिवारिक सम्बन्ध सुमधुर रहनेछ ।

मीन नयाँ योजना बनाउन अनुकूल समय छ । यात्राबाट लाभ मिल्न सक्छ ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

H अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
वी एण्ड वी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६२६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	६६१२२६६
एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
त्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३९५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर टचाक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

१७ कात्तिक, २०८३ (०३ नामेम्बर २०२६)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रुपैयाँ	१००	१६०.००	१६०.१५
अमेरिकी डलर	१	१५१.६३	१५२.२३
युरो	१	१६९.२२	१६९.८९
पाउन्ड स्टर्लिङ	१	२०३.०७	२०३.८७
स्विस फ्रैन्क	१	१८३.७८	१८४.५१
अस्ट्रेलियन डलर	१	१०६.६४	१०७.०६
क्यानाडियन डलर	१	१०८.५१	१०८.९४
सिङ्गापुर डलर	१	११८.६४	११९.११
जापानी येन	१०	९.६२	९.६६
चिनियाँ युआन	१	२२.७९	२२.८८
साउदी अरब रियाल	१	४०.४०	४०.५६
कतारी रियाल	१	४१.६२	४१.७८
थाई भाट	१	४.४९	४.५१
संयुक्त अरब इमिरेट दिराम	१	४१.२९	४१.४५
मलेसियन रिङ्गेट	१	३७.३७	३७.५२
दक्षिण कोरियन वन	१००	११.३७	११.४१
स्विडिस क्रोनर	१	१५.४३	१५.४९
डेनिस क्रोनर	१	२२.६४	२२.७३
हङकङ डलर	१	१९.३३	१९.४१
कुवेती दिनार	१	४९१.९१	४९३.८५
बहराइन दिनार	१	४०१.६७	४०३.२६

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरुले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



तिहारको किनमेल | तिहार पर्व नजिकिँदै गर्दा सोमबार काठमाडौंको असन बजारमा ढाका टोपी किनमेल गर्दै सर्वसाधारण ।
तस्बिरः रासस

संविधानको सर्वोच्चता र कानुनको शासनप्रति गम्भीर हुन फूलकोर्टको आग्रह

■ प्रभाव संवाददाता

काठमाडौं– सर्वोच्च अदालतले संविधानको सर्वोच्चता र कानुनको शासनप्रति गम्भीर हुन सबैमा आग्रह गरेको छ ।

प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मासहितका न्यायाधीश सम्मिलित 'फूलकोर्ट' बैठकले संविधान र कानुनको सर्वोच्चता आफूहरूको अटल आस्था र प्रतिबद्धता रहेको स्पष्ट गरेको छ ।

'संविधान र कानुनको सर्वोच्चता हाम्रो अटल आस्था र प्रतिबद्धता हो,' सर्वोच्च अदालतका प्रवक्ता डा. अशोककुमार क्षेत्रीले बैठकपछि जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, 'यसमा हामी अडिग र स्पष्ट छौं, संविधानको सर्वोच्चता र कानुनको शासनप्रति गम्भीर हुन सबैमा आग्रह गर्दछौं ।'



बैठकले सार्वजनिकरूपमा प्रकाशित र प्रसारित विषयका सम्बन्धमा विनापूर्वाग्रह निष्पक्ष एवं स्वतन्त्र ढंगबाट संविधान र कानुनबमोजिम छानबिन गरी सत्य, तथ्यसहितको निष्कर्ष यथाशीघ्र सार्वजनिक गर्न सम्बद्ध निकायलाई आग्रह गरेको छ । विज्ञप्तिमा भनिएको छ, 'सञ्चारमाध्यममा प्रकाशन तथा प्रसारण भइरहेका समाचारका सम्बन्धमा संविधान र कानुनबमोजिम हुने छानबिन र अनुसन्धानमा कानुनबमोजिम निर्वाह गर्नुपर्ने जवाफदेहीता एवं सहयोग गर्नेमा हामी प्रतिबद्ध छौं ।'

बैठकले न्यायपालिका जनताको आस्था र विश्वासमा अडिने संस्था भएकाले उक्त संस्थासँग सम्बन्धित समाचार प्रकाशन गरिँदा आमजनता एवं सेवाग्राहीमा भ्रम र नकारात्मक असर नपरोस् भनी छानबिनको निष्कर्ष प्राप्त नहुँदै कसैलाई लाञ्छित गर्ने वा न्याय सम्पादनको कार्यमा अवरोध पुग्ने गरी कुनै पनि समाचार प्रकाशन तथा प्रसारण नगर्नसमेत आग्रह गरेको छ ।

प्रकाशित र प्रसारित समाचारबाट विचलित नभई सदाझैं न्यायिक कार्यमा क्रियाशील रहन सबै अदालतमा कार्यरत सम्पूर्ण न्यायकर्मीलाई उक्त पूर्ण बैठकले आग्रह गरेको छ ।

केही दिनअघि प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको नाम जोडेर विभिन्न सञ्चारमाध्यममा प्रकाशित तथा प्रसारित समाचारप्रति पूर्ण बैठकको ध्यानाकर्षण भएको जनाउँदै उक्त अदालतले आफ्नो धारणा लिखितरूपमा सार्वजनिक गरेको हो ।

राष्ट्रिय परिचयपत्र नभएकालाई सेवा नरोक्न विभागको आग्रह

■ प्रभाव संवाददाता

काठमाडौं– राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले राष्ट्रिय परिचयपत्रको विवरण प्रमाणीकरण नहुँदा पनि सार्वजनिक सेवा प्रवाह भइरहेको स्पष्ट पारेको छ । सोमबार एक सूचना जारी गर्दै विभागले राहदानी, बैंक तथा वित्तीय सेवा, सवारी चालक अनुमतिपत्रलगायत सेवा प्रवाहमा समस्या नहुने उल्लेख गरेको हो ।

राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नागरिकको विवरण प्रमाणीकरणमा ढिलाइ भए पनि सार्वजनिक सेवा नरोक्न सम्बन्धित निकायलाई विभागले आग्रह गर्दै परिचयपत्रको विवरण प्रमाणीकरण नभए पनि सरोकार भएकाहरूलाई नियमितरूपमा सार्वजनिक सेवा प्रवाह भइरहेको जनाएको हो ।

विभागका अनुसार राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा नागरिकको विवरण दर्ता तथा राष्ट्रिय परिचय नम्बर जारी गर्ने कार्य नियमितरूपमा भइरहेको छ । तर, नागरिकको विवरण प्रमाणीकरण गर्न आवश्यक पर्ने अटोमेटिक बायोमेट्रिक इन्फर्मेसन सिस्टमको क्षमताका कारण केही नागरिकको विवरण प्रमाणीकरणमा ढिलाइ भएको हो ।

विभागले गत असोज १ गतेपछि राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराई राष्ट्रिय परिचय नम्बर प्राप्त गरेका नागरिकको हकमा यस्तो समस्या देखिएको जनाएको छ । 'अटोमेटिक बायोमेट्रिक इन्फर्मेसन सिस्टम' (स्वचालितरूपमा मानिसको विवरण प्रमाणीकरण गर्ने प्रणाली) को क्षमता विस्तार गर्ने कार्य अन्तिम चरणमा पुगेको उल्लेख गर्दै विभागले आगामी दुई साताभित्र उक्त कार्य सम्पन्न भई विवरण प्रमाणीकरण सेवा नियमित हुने अपेक्षा गरेको छ ।

विभागले यस विषयमा राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीसँग अन्तरआबद्ध भएका सेवाप्रदायक निकायलाई जानकारी गराउनुका साथै आवश्यक समन्वय गरिसकेको जनाएको छ । पछिल्लो समय राष्ट्रिय परिचयपत्रसम्बन्धी विवरण प्रमाणीकरणमा समस्या हुँदा विशेषगरी सवारी चालक अनुमतिपत्रसम्बन्धी सेवा लिन असहज भएको भन्दै सेवाग्राहीबाट गुनासो आउने गरेको थियो । यस्तो अवस्थालाई सम्बोधन गर्दै विभागले गत असोज १ गतेपछि विवरण दर्ता गरी राष्ट्रिय परिचय नम्बर प्राप्त गरेका नागरिकको विवरण प्रमाणीकरण नभएकाहरू सार्वजनिक सेवा प्राप्त गर्नबाट वञ्चित हुन नपर्ने जनाएको छ ।

विभागले सम्बन्धित सबै निकायलाई उक्त व्यवस्थाबारे जानकारी गराउँदै प्रमाणीकरणमा देखिएको प्राविधिक समस्याका कारण सेवाग्राहीलाई सेवा प्राप्त गर्न असहज हुने अवस्था हुन नदिन आग्रह गरेको छ ।

भारतका विदेशसचिव मिस्री नेपाल आउँदै

काठमाडौं (प्रस)– परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईको मैत्रीपूर्ण निमन्त्रणामा भारतका विदेशसचिव विक्रम मिस्रीले यही कात्तिक १८ र १९ गते नेपालको औपचारिक भ्रमण गर्ने भएका छन् ।

भ्रमणका क्रममा परराष्ट्रसचिव राईले भारतका विदेशसचिव मिस्रीसँग द्विपक्षीय छलफल गर्ने परराष्ट्र मन्त्रालय जनाएको छ । छलफलमा दुवै पक्षले नेपाल-भारत सम्बन्धका सम्पूर्ण पक्षको समीक्षा गर्नुका साथै आपसी हितका विषयमा विचार आदानप्रदान गर्ने छन् ।

यसबाट दुवै देशबीच लामो समयदेखि रहिआएको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धलाई थप सुदृढ बनाउने उद्देश्य रहेको छ । भ्रमणका क्रममा भारतका विदेशसचिव मिस्रीले नेपालका उच्चस्तरीय विशिष्ट व्यक्तित्वहरूसँग शिष्टाचार भेटघाटसमेत गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालय जनाएको छ ।

विदेशसचिव मिस्री कात्तिक १९ गते काठमाडौंबाट नयाँदिल्ली प्रस्थान गर्ने छ ।

युएइमा रोजगार

कम्पनी : JYOTI ELECTROMECHANICAL AND GENERAL MAINTENANCE LLC. OPC

पूर्व स्वीकृति मिति : २०८३/०५/२९ | LT. No.347582 | चलानी नं. ६०२६०९५७

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Electrician	3	0	1200	४९,७५६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Electrician Assistant	2	0	1000	४१,४६३							
3	Air-Con Mechanic	2	0	1500	६२,१९५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक २४ गते (10th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

कुवेतमा रोजगार

कम्पनी : AL MAOUSHERJI CATERING COMPANY - MCDONALD'S KUWAIT

पूर्व स्वीकृति मिति : २०८२/०६/०९ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/१६ | LT. No. 331613 | चलानी नं. ६०२४५३३७

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Service Crew/Waiter	123	300	120	५८,७१७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक २४ गते (10th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
रोजगारदाता कम्पनीले	दिने	रोजगारदाता कम्पनीले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रोजगारदाता कम्पनीले	नि:शुल्क	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323, Udip Khadka (9801248108)
Email:- emeraldislenepal@gmail.com, info@einepal.com
श्रम इजाजत नं. ११०८/०७३/०७४

ओमनमा रोजगार

कम्पनी :ITQAN FOR FACILITY MANAGEMENT AND SERVICES SPC

पूर्व स्वीकृति मिति : २०८२/०८/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१६ | LT. No. 338314 | चलानी नं. ६०२५१८११

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब OR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner / Public Building	54	0	100	३९,६०४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक २४ गते (10th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धी व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

Jasmine Overseas Pvt. Ltd.
श्रम इजाजत नं.८७४/०६६/०६७ Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

युएइमा रोजगार

कम्पनी : CARE PROFESSIONAL SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१६ | LT. No. 344354 | चलानी नं. ६०२५७६९१

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Messanger	16	0	1500	६२,१९५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Assistant Mechanical Technician	17	0	1500	६२,१९५							
3.	Labour	20	0	1000	४१,४६३							
4.	Installation Welder	20	0	1500	६२,१९५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक २४ गते देखी २९ सम्म (10th to 15th Nov. 2026) मा हुनेछ ।

कम्पनी : BLUE ROYAL ON DEMAND LABORS SUPPLY L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०७/१६ | LT. No. 350111 | चलानी नं. ६०२६२९८९

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Building Labour	15	0	1100	४५,६१०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Packers	13	0	1300	५३,९०२							
3.	Bldg. Painter	10	0	1500	६२,१९५							
4.	Carpenter	12	0	1500	६२,१९५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक २४ गते (10th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९६/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

LION RECRUITMENT SERVICES PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com
Govt. License 1770/081/082

युएइमा रोजगार

कम्पनी : STAR SHANMI TECHNICAL SERVICE L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०९/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१६ | LT. No. 335931 | चलानी नं. ६०२४९५४५

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Labour	1	0	1000	४१,४६३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Painter Assistant	3	0	1200	४९,७५६							
3	MASON	1	0	1500	६२,१९५							
4	STEEL FIXER	3	0	1500	६२,१९५							
5	Carpenter	2	0	1500	६२,१९५							

कम्पनी : (CREATIVE COMPUTER EMBROIDERY WORKSHOP (L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०७/१० | LT. No. 349827 | चलानी नं. ६०२६२८५७

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Sales Officer	1	0	1500	६२,१९५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Geneal Tailor	5	0	1500	६२,१९५							
3	Asst.tailors	11	0	1200	४९,७५६							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक २४ गते (10th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९६/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	१०,०००	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

NEPAL WORLD OVERSEAS PVT.LTD LIC No. 1682/080/081
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०८०।०६।२४ मा दर्ता भएको प्रा.लि.नं. ३२१६५१ को **पिक्सल एजुकेशन प्रा.लि.** नामक कम्पनीले १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस Raj Group Of Company Pvt.Ltd. (ई.प.नं.१२४५/०७४/७५) मा कार्यरत (नागरिकता नं. ३०-०१-७३-०६१९२) **मान बहादुर ब्लोन** र (नागरिकता नं. २६-०१-७५-०४६७१) **मौसमी सिंखडा** ले आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुँदा निज व्यक्तिद्वारा यस प्रा.लि.सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेनादेना भएमा यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिन**भित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Raj Group Of Company Pvt.Ltd.
Reg. No. 1245/074/75 Basundhara-3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७८/०६/१४ दर्ता भएको **प्रा.लि न २७३९१३/०७८/०७९** को **लुम्बिनी भाडा उद्योग प्रा. ली.** को मिति २०८३/०६/२४ मा विशेष बैठकले विशेष प्रस्ताव पारित गरि निर्णय भए अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय अनुसार यस कम्पनीमा कोही कसैको केही बाँकी बक्यौता भएमा वा लेनदेन आदि बांकी भएमा वा खारेजि गर्नु नपर्ने अन्य कुनै कारण भएमा तध्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैत्तिस) दिन भित्र हकदावि गर्न निम्न लिखित लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

लिक्विडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४
ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४

हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना !

प्रकाशित मिति २०८३/०७/१७ गते

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०८/२४ मा दर्ता कायम भएको **सोनारी उद्योग प्रा.लि नं. २४९३६८/२०७७/०७८** लाई खारेजी लिक्वेटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०७/१६ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न व्यहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

श्रवण कुमार श्रेष्ठ (लिक्विडेटर)
इजाजत पत्र नं.४०४, फोन नं.९८५१२१७००४

म्याग्दी हाइड्रोपावर लिमिटेड

बुटवल उप म.न.पा.-१०, कालिकानगर,रुपन्देही

सेयर वापतको रकम जम्मा गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८३/०७/१७ गते

यस कम्पनीको मिति २०८३/०५/२६ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय र मिति २०८३/०६/१९ को वार्षिक साधारण सभाको निर्णयबमोजिम रू. १६,२९,७५,०००।- (अक्षरेपी सोह्र करोड उन्तिस लाख पचहत्तर हजार रुपैयाँ) बराबरको १६,२९,७५० कित्ता जगेडा सेयर कम्पनीमा अभिलेख कायम सेयरधनीह(रूले आ-आफ्नो सेयरको अनुपातमा खरिद गर्न पाउने गरी कम्पनी ऐन, २०६३ को दफा ५६ बमोजिम जारी गरिएको हुँदा सो सेयर खरिदबापतको हुन आउने रकम यस सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र कम्पनीको एभरेष्ट बैंकमा रहेको खाता नं. ००४००१०५२०१२६७ मा जम्मा गरी सोको सक्कल भौचर कम्पनीमा पेश गर्न सम्पूर्ण सेयरधनी महानुभावहरूलाई यसै सूचनामार्फत सूचित गरिन्छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र सेयर खरिदबापत हुन आउने रकम जम्मा नगरेको खण्डमा वा सेयर बिक्री गर्ने हक अरूलाई बिक्री वा हस्तान्तरण नगरेमा कम्पनीको सञ्चालक समितिले निर्णय गरेबमोजिम सेयरधनीबाहेकका व्यक्ति वा कम्पनीलाई बिक्री गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

सञ्चालक समितिको आज्ञाले कम्पनी सचिव
सम्पर्क फोन नं. ०७१५५३४५७१, इमेल ठेगाना: myagdihydro@gmail.com

कालीगण्डकी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि को साँवा ब्याज चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८३/०७/१७

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले आफ्नो व्यवसाय सञ्चालन गर्न लगेको कर्जाको यस सहकारीसँग गरेको सम्झौता बमोजिय समय सयममा तिर्नु बुझाउनु पर्ने साँवा ब्याज हर्जाना आदि नतिरी सहकारीसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता गरेको र सो गर्दा समेत सहकारीको साँवा ब्याज चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी वसेकोले मिति २०८३/०४/२५ गते बसेको संचालक समितिको बैठकमा निर्णय भए बमोजिम प्रभाव दैनिक पत्रिकामा साँवा ब्याज चुक्ता गर्न आउने बारेको ३५ दिने जरुरी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा ब्याज र हर्जना रकम बुझाई कर्जा चुक्ता गर्नु होला । उक्त म्याद भित्र पनी साँवा ब्याज र हर्जना समेत चुक्ता नगरेमा कर्जा सुरक्षणमा लेखिदिएको कुनै किसिमको कानुनी झै झमेला नभएको तपशिल बमोजिमको जग्गा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस सहकारीको कर्जा नीति र प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरिने छ । तपाईलाई सहकारी ऐन अनुसार कालो सुचीमा राखीने व्यहोरा र तपाईको अन्य सम्पती रोक्का राखीने व्यहोरा समेत अवगत गराउदछौ ।

तपशिल

सि. नं.	ऋणीको नाम, थर र ठेगाना तथा तीन पुस्ते विवरण	धितो सुरक्षण विवरण	व्यक्तिगत जमानत दिनेको नाम तथा ठेगाना
१.	नामः **राधेश्याम पनेरु** बाबुः माधब बहादुर पनेरु बाजेः शेर बहादुर पनेरु ठेगानाः चन्द्रागिरी १३ नैकाप ना.प्र.नंः १९८३२/२१०० मितिः २०५०/१२/२९ काठमाण्डौ **कर्जाको शिर्षकः व्यवसायिक कर्जा** 	काठमाण्डौ जिल्ला, पुरानो नैकाप १ स्थित राधेश्याम पनेरुको नाममा रहेको कित्ता नं. १४९ को क्षे.फ १२७.१६ ब. मि भएको सम्पूर्ण जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।	नामः नानी मैया पनेरु पतिः राधेश्याम पनेरु ठेगानाः पुरानो नैकाप १
२.	नामः **दिनेश श्रेष्ठ** बाबुः आनन्द लाल श्रेष्ठ बाजेः मोहन लाल श्रेष्ठ ठेगानाः का.म.न.पा. १५ (ना.प्र.प नं १०९५९/३७२१ काठमाण्डौ) **कर्जाको शिर्षकः व्यवसायिक कर्जा** 	काठमाण्डौ जिल्ला, का.म. न.पा. वडा नं. १५ स्थित दिनेश श्रेष्ठको नाममा रहेको कित्ता नं. २२१ को क्षे.फ ०४५.५० ब.मि भएको सम्पूर्ण जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।	नामः नानी मैया पनेरु पतिः राधेश्याम पनेरु ठेगानाः पुरानो नैकाप १
३.	नामः **माया पन्थ** ससुराः हरि प्रसाद पन्थ पतिः हरिशरण पन्थ ठेगानाः मातातिर्थ वडा नं २ (ना.प्र.प नं ०२७३४७/२८१० २०६३/१०/१९ काठमाण्डौ) **कर्जाको शिर्षकः व्यवसायिक कर्जा** 	काठमाण्डौ जिल्ला, मातातिर्थ वडा नं. २ स्थित माया पन्थको नाममा रहेको कित्ता नं. ४९८ को क्षे.फ १३३.१३ ब.मि भएको सम्पूर्ण जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।	नाम-दिलिप पन्थ बाबु - हरिशरण पन्थ बाजे- हरिशरण पन्थ ठेगाना - मातातिर्थ वडा नं २
४.	नामः **राम शरण भण्डारी** बाजेः ऋषि दत्त भण्डारी पतिः यज्ञ प्रसाद भण्डारी ठेगानाः तारकेश्वर (ना.प्र.प नं १०३५ २०४६/१२/१६ नुवाकोट **कर्जाको शिर्षकः व्यवसायिक कर्जा** 	काठमाण्डौ जिल्ला, मनमैजु गा.वि.स वडा नं. ८ स्थित राम शरण भण्डारीको नाममा रहेको कित्ता नं. ५१४ को क्षे. फ. ३४८.५० ब.मि भएको सम्पूर्ण जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।	

विस्तृत जानकारीको लागि :
कालीगण्डकी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि
काठमाण्डौं- टोखा ०९, गोंगबु, फोन नं. ४३८४७३४/४३६२९२६

प्रभाव दैनिक
National Daily

सम्पादकीय

आयात रोकौं, स्वदेशी फूल प्रवर्द्धन गरौं

तिहार, छठलगायतका चाडपर्वहरू नजिकिँदै गर्दा नेपाली बजारमा रंगीचंगी फूलहरूको चहलपहल बढ्न थालेको छ । घरआँगन सजावट, पूजापाठ तथा विभिन्न शुभकार्यमा प्रयोग हुने फूलको माग यो समयमा उच्च हुने गर्छ । यही अवसरलाई मध्यनजर गर्दै हालै जिल्ला प्रशासन कार्यालय झापालगायत विभिन्न निकायले खुला सिमानाबाट हुने अवैधरूपमा आयातीत फूल तथा प्लास्टिकजन्य कृत्रिम फूल नियन्त्रणमा लिन सुरक्षा निकायलाई निर्देशन दिएका छन् । स्वदेशी उत्पादनलाई प्राथमिकता दिने, स्थानीय उद्यमशीलतालाई प्रोत्साहन गर्ने र किसानको मिहेनतको उचित मूल्य सुनिश्चित गर्ने उद्देश्यले चालिएको यो कदम अत्यन्तै सकारात्मक, समयोचित र स्वागतयोग्य छ ।

विगतका वर्षहरूमा खुला सीमाको फाइदा उठाउँदै भारत तथा अन्य मुलुकबाट अवैधरूपमा करोडौं मूल्यका फूलहरू निर्वाधरूपमा भित्रिने गरेका थिए । यसरी भित्रिने सस्तो र गुणस्तरहीन फूल तथा प्लास्टिकजन्य कृत्रिम मालाहरूका कारण स्वदेशी भूमिमा पसिना बगाउने नेपाली किसानका उत्पादनहरू बजार नपाएर खेतमै कुहिने र सुक्ने गरेका थिए । देशभर कृषकहरूले व्यावसायिकरूपमा सयपत्री र मखमली फूलको खेती गरेका छन् । उनीहरूको अथक मिहेनत र लगानीलाई संरक्षण गर्न पनि आयातीत फूलमाथिको अंकुश अपरिहार्य थियो । प्रशासनको यो निर्देशनले अब सीमावर्ती क्षेत्रबाट हुने अवैध आयातमा रोक लाग्ने र स्थानीय किसानले आफ्नो उत्पादनको उचित बजार तथा मूल्य पाउने विश्वास गरिएको छ ।

यससँगै अब हामीले केवल प्राकृतिक फूलको आयात नियन्त्रणमामात्रै सीमित नरहेर पर्यावरण र स्वास्थ्यका दृष्टिकोणबाट समेत हानिकारक मानिएका प्लास्टिकजन्य फूल तथा मालाहरूको आयातमाथि पूर्णरूपमा प्रतिबन्ध लगाउनुपर्छ । वातावरणमैत्री नभएका प्लास्टिकका कृत्रिम फूलहरूले एकातिर प्रदूषण बढाउँछन् भने अर्कोतिर नेपालीहरूको मौलिक संस्कृति तथा चाडपर्वको वास्तुकला र पवित्रतालाई समेत खल्बल्याउने काम गर्छन् । प्रचलित कानुनलेसमेत निषेध गरेका यस्ता प्लास्टिकजन्य वस्तुहरूको बिक्री-वितरण, भण्डारण र प्रयोगलाई कूटनीतिक तथा प्रशासनिकरूपमै रोकेर पूर्णप्रतिबन्धको घोषणा गर्नुपर्छ ।

स्वदेशी फूलको प्रयोगले केवल चाडबाडको शोभामात्र बढाउँदैन, यसले देशको अर्थतन्त्रमा पनि दूरगामी सकारात्मक प्रभाव पार्छ । हरेक वर्ष चाडपर्वका नाममा फूल खरिद गर्न बाहिरिने ठूलो धनराशी यसैले रोक्छ । जब स्वदेशी फूल प्रयोग गरिन्छ, उपभोक्ताले तिरेको पैसा देशकै माटोमा पसिना बगाउने किसानको हातमा पुग्छ । किसानको यो आम्दानीले उनीहरूको जीवनस्तर माथि उठाउनुका साथै ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउँछ । आत्मनिर्भर अर्थतन्त्रको बलियो आधार भनेको स्थानीय उत्पादन र उपभोगको संस्कृति नै हो । जब स्थानीयस्तरका उत्पादनहरूले बजार पाउँछन्, तब युवाहरू वैदेशिक रोजगारीको बाटो छोडेर स्वदेशमै कृषि कर्ममा आकर्षित हुन्छन् ।

तसर्थ, सरकारको यो नीतिगत हस्तक्षेप कागजी निर्णयमामात्र सीमित नरही प्रभावकारीरूपमा कार्यान्वयन हुनुपर्छ । स्थानीय प्रशासन, सुरक्षा निकाय र स्थानीय तहहरूले निगरानी बढाएर अवैध आयात र प्लास्टिकको प्रयोगलाई पूर्णरूपमा निरुत्साहित गर्नुपर्छ । उपभोक्ताहरूले पनि स्वदेशमै उत्पादित सयपत्री र मखमली फूललाई रोज्नुपर्छ । स्वदेशी फूलको प्रयोगले राष्ट्रिय पुँजी देशमै रोक्छ, किसानको मुहारमा खुसी ल्याउँछ र राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ बनाउन ठूलो योगदान पुऱ्याउँछ । तसर्थ, 'हाम्रो चाड, हाम्रै फूल' भन्ने भावनालाई आत्मसात् गर्दै स्वदेशी उत्पादनलाई माया गर्नु आजको प्रमुख आवश्यकता हो ।

श्रम सरोकार

सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आवद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आवद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आवद्ध हुन सक्छन् ।

के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आवद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

काठमाडौं: सुकर्म, कुकर्म र शक्तिको केन्द्र



■ डा. देवीप्रसाद आचार्य

> पृथ्वीनारायण शाहका जेठा छोरा प्रताप शाहले दरबारका षड्यन्त्रकारीहरूको कुरा सुनेर आफ्ना भाइ बहादुर शाहलाई देश निकाला गरेदेखि लामो समयको राजनीतिक यात्रा पार गरेर अहिले वालेन्द्र शाहको समयसम्म आइपुग्दाको पछिल्लो प्रकरण न्यायाधीशहरूसँग गरिएको सेटिङ र बिचौलियाको हिमालय होटलको मिटिङसम्म आइपुग्दाका घटनाक्रमहरूले काठमाडौं सुकर्मभन्दा बढी कुकर्म, षड्यन्त्र, स्वार्थ, भ्रष्टाचारलगायतका घटना र परिघटनाहरूले भरिएको शक्तिकेन्द्रको रूपमा प्रतीत हुन्छ । अब काठमाडौं सभ्य, सुसंस्कृत, सुशासित, विकासमुखी तथा नेपाल र नेपालीहरूको भाग्य र भविष्य निर्माण गर्ने प्रशासनिक केन्द्र बन्नुपर्छ ।

काठमाडौंले इतिहासका कालखण्डहरूमा सफलता र खुसीको उल्लासदेखि पीडाको छट्पटीसम्म भूमिका निर्वाह गरेको छ । 'मनको रहर कान्छीलाई घुमाउने काठमाण्डु सहर' भन्ने सिनेमाको गीत रचाउन सकेको यो सहरको वास्तविकता बहुरूपी छ । काठमाडौं केही मानिसहरूका लागि दाम, नाम र ऐश्वर्यको सहर हो भने बहुसंख्यक नागरिकका लागि यो सहर दुःख, पीडा, वेदना अभाव र अस्तव्यस्तताको सहर । काठमाडौं केवल राजधानीमात्र होइन, यो देशको राजनीतिक निर्णय, प्रशासनिक अभ्यास, आर्थिक अवसर र हरेक नेपालीहरूको सपनाको सहर पनि हो ।

काठमाडौंले सिंगो देशको प्रतिनिधित्व गर्छ । यहाँ देशको नीति, नियम, देश निर्माणका कार्ययोजनाहरू निर्माण हुन्छन् । देशको भविष्य र नागरिकको जीवनसँग प्रत्यक्ष प्रभाव पार्नसक्ने शक्तिको केन्द्र हो काठमाडौं । यो सहरमा देशको सबैभन्दा जेठो विश्वविद्यालय, सयौंको संख्यामा रहेका ज्ञान, सीप, बुद्धि, अनुशासन र कला सिकाउने शिक्षालयहरू सञ्चालनमा छन् । यो सहरमा मानवअधिकारको विगुल घन्काउनेहरू, नागरिक समाजका सुझबुझ भएका समाज सुधारकहरू, वातावरण संरक्षण र संवर्द्धन गर्ने सिपालुहरू, जनतालाई सचेत बनाउन सक्ने पत्रकारहरू, ठूलाठूला ज्ञान, विज्ञान र दर्शनका लेखक कवि, कलाकार, लेखिकाहरूको स्थायी वा अस्थायी कर्मथलो हो ।

काठमाडौं राजनीतिको केन्द्र हो । जनताका प्रतिनिधिहरू बस्ने ठाउँ हो । प्रधानमन्त्री, राष्ट्रपति कूटनीतिक नियोगका व्यक्ति एवं व्यक्तित्वहरूको कर्मथलो हो । देशलाई नेतृत्व गर्ने र नीति निर्माताहरू बस्ने प्रशासनिक ठाउँ हो । प्रधानमन्त्रीको सरकारी निवास वालुवाटार, सिंहदरबार, प्रतिनिधिसभालगायत व्यवस्थापिका, कार्यपालिका, सर्वोच्च न्यायपालिकाजस्ता देशका शक्तिकेन्द्र भएको ठाउँ हो । यी शक्तिकेन्द्रहरूले गर्ने राम्रा वा नराम्रा कामहरूको असर जनतामा पर्दछ । त्यसैले यी शक्तिकेन्द्रहरूले देश र जनहितमा काम गर्नुपर्छ । परन्तु काठमाडौंमा अवस्थित उल्लिखित संघ, संस्था, प्रशासनिक केन्द्र तथा निकायहरू विधिको शासनबाट सुशासित नभई कूशासन, दुराचार, भ्रष्टाचार, स्वार्थमा लाग्दा देशले दुःख पाइरहेको छ ।

काठमाडौंले षड्यन्त्रको लामो यात्रा गरेको छ । बहादुर शाहको शासन पछाडि रणबहादुर शाहको पालामा उदय भएको भिमसेन थापाको उदय पनि कुकर्म र षड्यन्त्रले भरिएको देखिन्छ । आफ्नो हातमा शक्ति लिनका लागि उनले दर्जनौंको संख्यामा विरोधी भाइभारदारहरूको हत्या गरेका थिए । यस हत्या प्रकरणमा दुई वर्षको बालकसमेत रहेको इतिहासमा लेखिएको छ । उनलाई जेलमा रहेको वेला विपक्षीहरूले अत्यन्त अमानवीय मानसिक तनाव दिएकोले जेलभित्रकै आफू बसेको कोठाको झ्यालको सिसा फुटालेर छातीमा रोपेपछि नौ दिनसम्म छट्पटिएर मृत्यु भएको थियो । मृत्यु पछाडि उनका विरोधीहरूले उनको परिवारलाई दाहसंस्कार गर्न नदिई लासलाई टुक्राटुक्रा पारेर गिद्ध र कुकुरलाई खुवाइएको विषय इतिहासमा लेखिएको छ । भिमसेन थापाका विरोधीहरूको कुकर्मको सीमा यतिमामात्र सीमित रहेन । उनका परिवारलाई काठमाडौंदेखि गोर्खासम्म नांगो खुट्टाले हिँडाउने र सन्तानलाई सात पुस्तासम्म सरकारी जागिरमा बहिष्कार गर्ने नियम बनाएका थिए ।

हाम्रा आदिकवि भानुभक्त आचार्यले अलकापुरी, कान्तिपुरी नगरीको नाम दिएको काठमाडौं राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको मृत्युसँगै राजनीतिक कर्म, कुकर्मभित्र झाँगिएको षड्यन्त्रको जालो झाँगिदै जाँदा राजेन्द्र विक्रम शाहको समयमा आइपुग्दा जंगबहादुरलाई राज्यसत्तामा पुऱ्यायो । दरबारमा राजाहरू कमजोर हुनु, रानीहरू सत्तार्शक्तिमा तल्लीन हुनु, गुटबन्दीको तानावानाभित्र लुकेको स्वार्थका कारण कोतपर्व, भण्डारखाल पर्व र अलौपर्व जस्ता हत्याकाण्डहरू निम्तिए । जंगबहादुरले यी काण्डहरूमा आफ्ना शत्रुहरूलाई हत्या गरी देशको प्रधानमन्त्री बन्न सफल भए ।

जंगबहादुरले षड्यन्त्रकै सहायतामा राज्यसत्ता आफ्नो हातमा लिई राणा परिवारमा सत्ताको बागडोर हस्तान्तरण गरे । काठमाडौंमा केन्द्रित राणाहरूको १०४ वर्षको शासनकाल चल्यो । नेपालको इतिहासमा राणाहरूको पतनको एउटा कारण पनि उनीहरूको पारिवारिक कुकर्मलाई मान्ने गरिन्छ । यसरी हेर्दा बहादुर शाह र राजेन्द्र लक्ष्मीको पालादेखि राज्यसत्तामा मडारिएको षड्यन्त्र, हत्या, हिंसा र कुकर्मको राजनीति अहिलेसम्म पनि कुनै न कुनै रूपमा अभ्यासमा रहेको देखिन्छ । लोकतन्त्रमा पनि यसले छाडेको छैन ।

राजनीतिक इतिहासको कालखण्डहरूको अध्ययन गर्दा सत्ता र षड्यन्त्र एक अर्काका पर्याय बनेको छ । काठमाडौं देश लोकतान्त्रिक व्यवस्थामा पनि षड्यन्त्र, हत्या, हिंसा र स्वार्थ समूहको चक्रव्युहबाट बाहिर निस्कन सकेको छैन । राणाशासनको अन्त्य र प्रजातन्त्रको सुरुआत २००७ साल पछाडि पनि काठमाडौं शान्त, सुशासित र सभ्य समाजको रूपमा अगाडि बढ्न सकेन । दलीय षड्यन्त्रकै कारण २००७ देखि ०१७ सम्मको प्रजातान्त्रिक प्रजातान्त्रिक अवधि पनि जनताको सखद रहेन । राजनीतिक खिचातानी र षड्यन्त्रकै कारण १० वर्षमा १० वटा सरकार परिवर्तन भए । २०१७ सालमा राजा महेन्द्रले बिपी कोइरालाको प्रजान्त्रिक सरकारलाई विघटन गरी पञ्चायती व्यवस्था लागू गर्नु पनि राजनीतिक षड्यन्त्र नै थियो । २०३७ सालमा गरिएको जनमत संग्रहको चुनावी नतिजामा पनि काठमाडौंको षड्यन्त्रले काम गरेको थियो भन्ने गरिन्छ ।

२०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि देशको काठमाडौंमा अनेक प्रकारका राजनीतिक कुकर्म र षड्यन्त्रका घटनाहरू हुँदै आएका छन् । मदन भण्डारीको हत्याकाण्डहुँदै दरबार हत्या प्रकरणको तानाबाना बनाउने स्थलको रूपमा काठमाडौंलाई उपयोग गरियो । काठमाडौंमा हत्या प्रकरणहरूमात्र हुने गर्दैनन् । हत्याको रहस्य पत्ता लाग्न सक्ने व्यक्तिहरू पनि षड्यन्त्रकै सिकार भएका छन् । यसको एउटा दृष्टान्त मदन भण्डारीको गाडी चालकको रहस्यमय हत्या प्रकरण हो ।

मुलुकको भाग्य र भविष्यको मार्गचित्र तयार हुने ठाउँ कुकर्म र षड्यन्त्रले मडारिएपछि यसको नकारात्मक परिणाम भोग्न जनताहरू विवस हुनुपरेको छ । अर्बौंका भ्रष्टाचारको सेटिङ गर्ने मिटिङ गर्ने ठाउँ पनि काठमाडौं हो । बालुवाटार जग्गा प्रकरण, नारायणहिटी दरबारको बतास प्रकरण, पशुपतिको धर्मशाला काण्ड, ओम्नी, यतीलगायतका प्रकरणसँग जोडिएका कुकर्महरू यिनै शक्तिकेन्द्रहरूबाट सिर्जित भएका छन् । लाउडा वाइडबडी, न्यारोबडीहुँदै सुन काण्डदेखि लिएर जेन-जी आन्दोलनसम्मको तानाबानाको केन्द्र पनि काठमाडौं हो ।

त्यसो त मुलुकको राजधानी काठमाडौंमा सुकिला, मुकिला, पढेलेखेका, जाने बुझेका बुद्धिजीवी, विज्ञ, विशेषज्ञ, राजनीतिज्ञ, कवि, कलाकार, लेखक दार्शनिक, चिन्तक, धार्मिक गुरु, योगी सन्त महन्तजस्ता व्यक्तिहरूको बसोबास छ । मन्दिरै मन्दिरको सहर भनेर चिनिने काठमाडौं उपत्यकामा पशुपति, गुह्वेश्वरी, स्वयम्भू, दक्षिणकालीलगायतका मठमन्दिरहरू छन् । काठमाडौंमा मन्दिरका घण्टहरू बजेको आवाज नसुनिने सायदै घर होलान् । यस्तो तीर्थस्थलजस्तो ठाउँमा हुने कर्म, कुकर्म एवं स्वार्थका खेलहरू भने न्यून कोटीका छन् । काठमाडौं बाँदरको गाउँजस्तो भएको छ । जुन राजनीतिक दल वा नेता विशेष शक्तिको सत्ताको बागडोरमा गएता पनि अनेक प्रकारका षड्यन्त्रहरू आइरहेका छन् ।

अन्त्यमा, पृथ्वीनारायण शाहका जेठा छोरा प्रताप शाहले दरबारका षड्यन्त्रकारीहरूको कुरा सुनेर आफ्ना भाइ बहादुर शाहलाई देश निकाला गरेदेखि लामो समयको राजनीतिक यात्रा पार गरेर अहिले वालेन्द्र शाहको समयसम्म आइपुग्दाको पछिल्लो प्रकरण न्यायाधीशहरूसँग गरिएको सेटिङ र बिचौलियाको हिमालय होटलको मिटिङसम्म आइपुग्दाका घटनाक्रमहरूले काठमाडौं सुकर्मभन्दा बढी कुकर्म, षड्यन्त्र, स्वार्थ, भ्रष्टाचारलगायतका घटना र परिघटनाहरूले भरिएको शक्तिकेन्द्रको रूपमा प्रतीत हुन्छ । अब काठमाडौं सभ्य, सुसंस्कृत, सुशासित, विकासमुखी तथा नेपाल र नेपालीहरूको भाग्य र भविष्य निर्माण गर्ने प्रशासनिक केन्द्र बन्नुपर्छ । बन्न सकोस् ।



बैकुण्ठ भण्डारी

दसैं सकियो, गाउँ रित्तियो !

दसैं आयो, गाउँमा चहलपहल बढ्यो । रित्तिएका घरका ताल्चा खुले, आँगन बढ्दारिए, भित्तामा कमेरो पोतियो । विदेश र सहरबाट फर्किएका छोराछोरीले गाउँका बाटामा धूलो उडाए । बूढा बाआमाका मुहारमा चमक आयो । लाग्थ्यो, गाउँमा फेरि जीवन फर्कियो । तर मटचाङ्ग्रोलाई रामरी थाहा थियो, यो खुसी क्षणिक हो । दसैंको टीका सुक्न नपाउँदै गाउँ फेरि रित्तिन छ । नभन्दै त्यही भयो । दसैं सकियो, गाउँ रित्तियो । अब गाउँमा फेरि बूढाबूढी, खाली घर र झ्यालले ढाकिएका आँगनको शासन चल्ने छ ।

कुनै समय गाउँबाट रोजगारीका लागि एकाध युवा लाहुर जान्थे । घरमा बाआमा, श्रीमती, छोराछोरी र आफन्त हुन्थे । मेलापात चल्थ्यो, खेतबारीमा अन्न फल्थ्यो, गोठमा गाईवस्तु कराउँथे । गाउँका चौतारीमा बूढापाकाका गफ चल्थे । अहिले समयले कोल्टे फेरेको छ । पहिले परिवारको एउटा सदस्य विदेश जान्थ्यो, अहिले परिवारको एउटा सदस्यमात्र गाउँमा बाँकी छ ।

सक्नेहरू अमेरिका, अस्ट्रेलिया, क्यानडा पुगेका छन् । अलि कम सक्नेहरू युरोपतिर लागेका छन् । त्यो पनि नभ्याउनेहरू कतार, दुबई, साउदी र मलेसियाका मरुभूमिमा पसिना बगाइरहेका छन् । देशभित्र रोजगारी खोज्दा भविष्य नदेख्ने युवाले विदेशमा भविष्य खोज्नु कुन ठूलो अपराध भयो र ? दोष त आफ्नो देशमा पसिना बगाएर बाँच्न सक्ने वातावरण बनाउन नसक्ने व्यवस्थाको हो । त्यही भएर अहिले दुईतिहाइ मत ल्याएकाहरूले ३५ वर्षलाई दोष दिन पाएका छन् ।

तर मटचाङ्ग्रालाई एउटा कुराले भने अचम्मित बनाउँछ । गाउँबाट विदेश जाने विमान भरिभराउ छन्, तर गाउँका विद्यालय विद्यार्थीविहीन हुँदै छन् । खेतबारी बाँझिएका छन्, तर खाद्यान्न आयात बढिरहेको छ । घरमा बाआमा एक्लिएका छन्, तर गाउँको विकासबारे भाषण गर्नेहरूको स्वर घटेको छैन ।

गणतन्त्र आयो, संघीयता आयो । सिंहदरबार गाउँगाउँमा पुग्यो भनियो । गाउँमा अधिकार पुग्यो, बजेट पुग्यो, कार्यालय पुग्यो । सडक खनिए, भवन ठडिए, वडा कार्यालय सजिए । गाउँको विकासका नाममा कति बजेट खर्च भयो, कति योजना बने, कति उद्घाटन भए, यसको हिसाब राख्ने निकाय पनि छन् ।

तर मटचाङ्ग्रोका सानो प्रश्नको जवाफ कसले दिने ?

गाउँमा विकास गर्न यति धेरै बजेट खर्च हुँदा गाउँमै बस्ने मान्छेचाहिँ किन घटिरहेका छन् ? मटचाङ्ग्रोले यो प्रश्न एकपटक गाउँका नेताजीलाई सोधेको थियो । नेताजीले मुसुक्क हाँस्दै भने, गाउँमा विकास नभएर मान्छे बाहिरिएका होइनन्, अवसर खोज्न बाहिरिएका हुन् ।

मटचाङ्ग्रोले पनि हाँस्दै भन्थ्यो, त्यसो भए गाउँमा विकास गर्न छुट्याएको बजेटले मान्छे बाहिर जाने अवसरमात्रै सिर्जना गरेको रहेछ कि क्या हो ? नेताजीको अनुहारको रङ एकाएक फेरिन्थ्यो उनी अर्को कार्यक्रममा भाषण गर्न हतारिए निस्कन्थे । अहिले निर्वाचित वडा अध्यक्ष पनि दुर्गम गाउँमा भेटिन्नन् ।

चुनाव आउँदा नेताहरू गाउँ पस्छन् । बूढाबूढीका हात समात्छन्, बालबालिकालाई काखमा राख्छन्, युवाको काँधमा हात राख्छन् । गाउँको मुहार फेर्ने कसम खान्छन् । रोजगारी सिर्जना गर्ने, कृषि आधुनिकीकरण गर्ने, गाउँमै उद्योग खोल्ने, पर्यटन विकास गर्ने र विदेसिएका युवालाई स्वदेश फर्काउने घोषणा गर्छन् ।

चुनाव सकिएपछि नेताजीको गाडी धूलो उडाउँदै सहरतिर लाग्छ । गाउँका युवाभने खाडीका लागि गाडी भने विमानस्थलतिर ।

नेताजीलाई गाउँ सम्झन अर्को चुनाव कुर्नुपर्छ । युवालाई गाउँ सम्झन दसैं कुर्नुपर्छ । बूढाबाआमालाई छोराछोरी भेट्न दसैंको प्रतीक्षा गर्नुपर्छ ।

खाडीमा पसिना बगाउने नेपालीका लागि दसैं केवल चाड होइन, परिवारसँग भेट्ने एउटा आशा पनि हो । कतारमा काम गरिरहेको छोरो दसैंमा घर आउला भनेर आमाले बाटो हेरेकी हुन्छिन् । साउदीमा रहेको श्रीमान् फर्किएला भनेर श्रीमतीले दिन गनेकी हुन्छिन् । बाबाको अनुहार हेर्न नपाएका बालबालिकाले मोबाइलमा देखिने तस्विरलाई नै सम्झनाको सहारा बनाएका हुन्छन् ।

तर सबैका लागि घर फर्कन सम्भव हुँदैन । कसैको बिदा मिल्दैन, कसैको टिकट किन्ने पैसा पुग्दैन, कसैको ऋण बाँकी हुन्छ । कतिपयलाई मालिकले बिदा दिँदैनन् । कतिपयको घर फर्कने चाहना आर्थिक बाध्यताले थिचिएको हुन्छ । अनि दसैंको दिन भिडियो कल गरेर टीका लगाएको अभिनय गर्नुपर्छ । आमाले मोबाइलको पर्दामा छोरो देखेर हाँस्छिन्, छोरोले आमाको अनुहार हेरेर मुस्कुराउँछ । कल काटिएपछि आमाको आँखामा आँसु आउँछ । उता छोरो पनि आफ्नो कोठामा एक्लै बसेर मन बुझाउँछ ।

यता सामाजिक सञ्जालमा भने दसैंको खुसीको बाढी आउँछ । अमेरिका र अस्ट्रेलियामा बसेर दसैं मनाएका तस्विरहरू पोस्टिन्छन् । महँगा लुगा, आकर्षक सजावट, मिठा परिकार र मुस्कुराएका अनुहारले फेसबुक भरिन्छ ।

मटचाङ्ग्रोलाई उनीहरूको खुसीप्रति कुनै डाहा छैन । विचराहरू भन्छ, उसलाई कहिलेकाहीँ एउटा प्रश्नले घोच्छ । विदेशमा दसैं मनाएको तस्विर पोस्टचाउनेहरूले गाउँमा रहेका आफ्ना बूढा बाआमाको अनुहार अन्तिमपटक कहिले नियाले होलान् ?

मटचाङ्ग्रोको गाउँमा झ्यारले घेरेका ७० भन्दा बढी रित्तो घर छन् । ती घरका ढोका बन्द छन्, आँगन सुनसान छन् र झ्यालबाट विगतले चियाइरहेको छ । कुनै घरमा बालबालिकाको हाँसो गुञ्जिन्थ्यो, कुनै घरमा बुहारीको पाउजु बज्थ्यो, कुनै घरमा बूढा बाआमाको माया बाँडिन्थ्यो ।

अहिले ती घरमा ताल्चा छन् । आँगनमा झार उम्रिएको छ । घरको छानामा चराचुरुंगीले बास बनाएका छन् । रात परेपछि जंगली जनावरको आवाज सुनिन्छ ।

मटचाङ्ग्रोका जोइपोइ अझै गाउँ छाडेर गएका छैनन् । बूढेसकालमा सकिनसकी आफ्नो घर कमेरोले पोतेका छन् । दक्षिण मोहडामा परेको घामले घर टाढैबाट टल्किन्छ । वरिपरि उजाड बस्ती भए पनि त्यो घरले अझै गाउँको अस्तित्व जोगाइरहेको छ ।

तर एउटा घर टल्केर के गर्नु ? गाउँ नै सुनसान भएपछि घरको चमकलेमात्र जीवन फर्काउँदैन । कहिलेकाहीँ मटचाङ्ग्रोलाई पनि लाग्छ, अब यो घर छाडेर कतै जाऊँ । बूढेसकालमा एक्लै कति दिन गाउँ कुरेर बस्नु ? तर फेरि मनले मान्दैन । यही माटोमा जन्मियो, यहीँ हुर्कियो, यहीँ पुर्खाले पसिना बगाए । गाउँ छाड्नु भनेको घरको ढोका बन्द गर्नुमात्र होइन, आफ्नै जीवनको इतिहासलाई ताल्चा लगाउनु पनि हो ।

त्यसैले मटचाङ्ग्रो गाउँमै बसेर गाउँको पहरा दिइरहेको छ । सरकारको बजेटले नसकेको काम एउटा बूढो मान्छेले गरिरहेको छ । रित्तो गाउँको अस्तित्व जोगाउने काम ! दसैंले केही दिन गाउँमा रङ भर्छ । बन्द घरका ताल्चा खुल्छन्, आँगन सफा हुन्छन्, पिङ हालिन्छ, चंगा उडाइन्छ । आफन्त भेटिन्छन्, परिकार पाक्छन् र बूढा बाआमाका आँखामा खुसी फर्किन्छ ।

तर टीका सकिएपछि सबै आ-आफ्नो बाटो लाग्छन् । कोही काठमाडौं फर्किन्छन्, कोही अन्य सहरतिर लाग्छन्, कोही विमानस्थल पुग्छन् । गाउँमा फेरि सन्नाटा छाउँछ । पूर्णिमाको उज्यालोसँगै गाउँका घरमा औंसीको अँध्यारो प्रवेश गर्छ । हिजोसम्म भरिएका आँगनमा फेरि झार उम्रन थाल्छ । घरका ढोका बन्द हुन्छन् ।

दसैं सकियो गाउँ फर्केकाहरू फेरि जुन बाटो आए त्यही बाटो हिँडिसके । त्यही भएर होला मटचाङ्ग्रो चौतारीमा बसेर आफूले रोपेको काट्ने बेला भएर लहराइरहेका धानका बालाहरू हेर्दै विरहको भाका गाउँछ ।

'दसैं आयो, गाउँ हाँस्यो,
दसैं गयो, गाउँ रोयो ।
छोराछोरी परदेश लागे,
बूढो घरले बाटो हेऱ्यो ।'

मटचाङ्ग्रोको चिन्ता विदेश जाने युवासँग होइन । उसको चिन्ता त देशमा युवा बस्ने वातावरण नहुनुसँग हो । विदेश जानु रहर हुन सक्छ, अवसर पनि हुन सक्छ । तर आफ्नै देशमा श्रम गरेर बाँच्न नसकेपछि विदेसिनु बाध्यता बन्छ ।

आज गाउँ रित्तिएको छ । भोलि कतै देशै रित्तिने त होइन ? आज खेतबारी बाँझिएका छन्, भोलि आफ्नै भान्सामा पाक्ने अन्नसमेत विदेशबाट किन्नुपर्ने त होइन ? आज बूढाबाआमा छोराछोरीको बाटो हेरिरहेका छन्, भोलि देशले नै आफ्ना नागरिक फर्कने बाटो हेर्नुपर्ने त होइन ?

सरकार अब गाउँमा कति सडक बने, कति भवन ठडिए र कति बजेट खर्च भयो भन्ने मात्र हिसाब राखिरहेको छ । तर गाउँमा कति युवा बसे, कति रोजगारी सिर्जना भए, कति खेतबारीमा खेती भयो र कति घरमा चुलो बल्यो भन्ने हिसाब राख्ने आँट गर्न सकेको छैन ।

गाउँलाई बचाउनु भनेको पुराना घरको भित्ता जोगाउनुमात्र होइन । गाउँमा जीवन फर्काउनु हो । खेतबारीमा खेती, विद्यालयमा विद्यार्थी, घरमा परिवार र चौतारीमा मान्छेको चहलपहल फर्काउनु हो ।

मटचाङ्ग्रोलाई आशा छ । कुनै दिन दसैं सकिएपछि पनि गाउँ रित्तिने छैन । बूढा बाआमाले छोराछोरीको बाटो वर्षौं कुरेर बस्नुपर्ने छैन । युवाले आफ्नै माटोमा भविष्य खोज्न पाउने छन् ।

तर अहिलेलाई मटचाङ्ग्राको गाउँमा दसैं सकिएको छ । कमेरोले पोतेको घर टल्किरहेको छ । वरिपरिका घरमा ताल्चा झुण्डिएका छन् । मटचाङ्ग्रोका जोइपोइ गाउँको पहरा दिइरहेका छन् ।

ऊ चौतारीमा बसेर फेरि त्यही गीत गाउँछ,
'दसैं सकियो, गाउँ रित्तियो,
घरको आँगन झारले छोपियो,
गाउँ रित्तियो, देश नरित्तियोस्...'



सेवाग्राहीको चाप | जिल्ला प्रशासन कार्यालय गुल्मीमा सोमबार नागरिकता बनाउन आएका सेवाग्राहीको भीड । दसैं सकिएको लामो समय बित्दासमेत कार्यालयमा सेवाग्राहीको चाप अझै घटेको छैन । *तस्विर: रासस*

बाजुराका अलपत्र दुई पुलको ठेक्का रद्द



बाजुरा– बूढीगंगा नदीमाथिको 'मौरे' र ठूलीसाँघु खोलाको पुल निर्माण अलपत्र अवस्थाम पुगेपछि ठेक्का रद्द गरिएको छ ।

वर्षौंदेखि निर्माण नभएपछि दोस्रो पक्षलाई निर्माण गर्ने गरी पुनः अलपत्र रहेका दुईवटा पुलको निर्माण कार्य अघि बढाइएको छ । करिब पाँच वर्षअघि ठेक्का सम्झौता भएर तीन वर्षभित्र सम्पन्न गरी सक्नुपर्ने पुलको अहिलेसम्म काम सुरु नहुँदा ठेक्का रद्द भएसँगै निर्माण प्रक्रिया अघि बढेको हो ।

२०७८ माघ ११ गते बूढीगंगा र त्रिवेणी नगरपालिका जोड्न बूढीगंगा नदीमाथि 'मौरे पुल' निर्माण गर्न ठेक्का सम्झौता भएको थियो ।

महाकाली पुल योजना महेन्द्रनगरले काठमाडौंस्थित बिकोई बिल्डर्स प्रालिसँग १६ करोड २१ लाख ७८ हजार रूपैयाँमा २०८१ फागुनभित्र सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । तर पुल निर्माणको जिम्मा लिएको ठेकेदार कम्पनीले तोकिएको समय अवधि समाप्त भइसक्दा पनि काम सुरु नगरेपछि महाकाली पुल योजना कार्यालयले ठेक्का रद्द गरी कम्पनीलाई कालोसूचीमा राख्न सिफारिस गरेको थियो ।

यसपछि विवाद अदालत पुग्यो, अदालतले २०८३ साउनमा योजना कार्यालयकै पक्षमा फैसला सुनाएपछि अब पुल निर्माणको प्रक्रिया अघि बढेको महाकाली पुल परियोजनाका सूचना अधिकारी रवि शाहले जानकारी दिएका छन् । बूढीगंगा नदीमाथि पुल नहुँदा वर्षायाममा पालिकाभर यातायात पूर्णरूपमा अवरुद्ध हुने गरेको र हिउँदमा जोखिमपूर्ण खोलामा यात्रा गर्नुपर्ने बाध्यता रहेको त्रिवेणी नगरपालिकाका नगरप्रमुख कर्णबहादुर थापाले बताए ।

उनका अनुसार मौरे पुल केवल बूढीगंग र त्रिवेणी जोड्ने भौतिक संरचनामात्र नभई, बडीमालिका क्षेत्रको प्रमुख प्रवेशद्वारका रूपमा रहेको महत्त्वपूर्ण पूर्वाधार हो । नदीमाथि पुल निर्माण सम्पन्न भएमा बडीमालिका आवतजावतमा सहज हुने उनले बताए । वर्षौंदेखि अलपत्र अर्को पुल हो, सदरमुकाम नजिकै मार्तडी–घट्मुना सडकखण्डअन्तर्गत बडीमालिका नगरपालिकाको ठूलीसाँघु खोला ।

उक्त खोलाको पुल र बूढीगंगा नदीमाथि निर्माण हुने भनिएको अलपत्र पुल महाकाली पुल योजना महेन्द्रनगरमार्फत एउटै प्याकेजमा निर्माण गर्ने गरी ठेक्का सम्झौता भएको थियो । सो पुलको महाकाली पुल योजना महेन्द्रनगरले तीन वर्ष (२०८१) भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी २०७७ फागुन १० गते सम्झौता गरेको थियो । खोलामा ३० मिटर लम्बाइ र ११ मिटर चौडाइको पक्की पुल निर्माण गर्न१६ करोड २१ लाख रूपैयाँमा बिकोई बिल्डर्स प्रालि काठमाडौंले ठेक्का सम्झौता गरेको थियो ।

खोलामा पुल नहुँदा बर्सेनि वर्षातको समयमा गौमूल, बडीमालिका र खप्तड छेडेदह गाउँपालिकाका नागरिकले सास्ती खेप्दै आइरहेका छन् । महाकाली पुल योजना महेन्द्रनगरका सूचना अधिकारी शाहले दुवै खोलामा सँगै पुल निर्माण गर्ने गरी ठेक्का सम्झौता गरेको भए पनि निर्माण कम्पनीको चरम लापरवाहीका कारण ठेक्का रद्द गर्नुपरेको बताए ।

वर्षौंदेखि अलपत्र दुवै पुलको निर्माण अघि बढाउन पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको नेपाल पूर्वाधार कम्पनीमार्फत प्रक्रिया सुरु गरिएको थियो । पुलको अभावमा सम्बन्धित स्थानीय तहबीचको आवतजावत पूर्णरूपमा अवरुद्ध हुने गरेको र हिउँदमा अवरुद्ध हुने समस्या रहेको छ ।

यसअघि निर्माण प्रक्रिया अघि बढाउने तयारीस्वरूप दुवै आयोजनास्थलमा प्राविधिक खटाएर स्थलगत परीक्षण (साइट भेरिफिकेसन) समेत गरिएको थियो । जिल्लामा विकास निर्माणका आयोजना ठेक्का सम्झौता भए पनि निर्माण कम्पनीले काम नगर्दा अलपत्र पर्ने समस्या व्याप्त छ ।

जिल्लाका ग्रामीण सडक, पुल, भवनसँगै सुदूरपश्चिम प्रदेश सरकारका दुई सडकमा काम नहुँदा अपेक्षित प्रगति हुन सकेको छैन । पूर्वाधार विकास कार्यालय अछामका अनुसार हरेक वर्ष सडक स्तरोन्नति तथा कालोपत्रका लागि छुटचाइएको बजेट निर्माण कम्पनीले समयमै काम नगर्दा खर्च हुन नसकी फिर्ता हुँदै आएको छ ।

गत आर्थिक वर्ष २०८२/८३ मा मार्तडी-कोल्टी सडकमा २० करोड र खप्तड-गैरीखाद-आटीचौर हुँदै मार्तडी जोड्ने सडकमा १३ करोड ५० लाख रूपैयाँ बजेट फिर्ता भएको थियो । मार्तडी-कोल्टी सडक निर्माणको जिम्मा पिएस बानियाँ निर्माण सेवाले लिएको छ भने खप्तड-गैरीखाद-आटीचौर हुँदै मार्तडी जोड्ने सडकको केएसएम केबिसी/तेज जेभी, धनगढी कैलालीले पाएको छ ।

विकासका ठूला आयोजना समयमै सम्पन्न नहुँदा त्यसको प्रत्यक्ष असर यहाँका नागरिकहरूको दैनिक जीवनमा परेको छ । सडक तथा पुल निर्माण नहुँदा यातायात सेवा प्रभावित हुने, उत्पादन बजारसम्म पुच्याउन कठिनाइ हुने र स्वास्थ्य तथा शिक्षाजस्ता आधार भूत सेवामा पनि समस्या हुने गरेको स्थानीयहरूको गुनासो छ ।

आयोजना अलपत्र पर्नुमा निर्माण व्यवसायीको ढिलासुस्ती, बजेट अभाव, प्राविधिक समस्या तथा सम्बन्धित निकायको निरन्तर अनुगमन, प्रभावकारी समन्वय अभावजस्ता कारण देखिने गरेका छन् । तर, आयोजना निर्माणको जिम्मा लिएका निकाय र निर्माण व्यवसायीलाई समयमै जिम्मेवार बनाउन नसक्दा समस्या दोहोरिँदै आएको छ ।

विकासका नाममा बजेट विनियोजनमात्रै गर्नु पर्याप्त हुँदैन । विनियोजित बजेटअनुसार काम भए-नभएको नियमित अनुगमन, निर्माण व्यवसायीलाई जवाफदेही बनाउने र अधुरा आयोजनालाई प्राथमिकताका साथ सम्पन्न गर्नुपर्ने आवश्यक देखिन्छ । *रासस*

विपद्प्रभावित जलजलामा क्षतिको विवरण संकलन र मूल्यांकन अन्तिम चरणमा



म्याग्दी– मनसुनजन्य विपद्बाट प्रभावित बनेको म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिकामा क्षतिको विवरण संकलन र मूल्यांकन कार्य अन्तिम चरणमा पुगेको छ ।

गत असोज ८ देखि ११ गतेसम्मको झरीपछि कालीगण्डकी नदीमा आएको बाढी र पहिरोका कारण क्षति पुगेका निजी आवासको पुनर्निर्माण, प्रबलीकरण र पुनर्स्थापनाको प्रयोजनका लागि जनप्रतिनिधि र प्राविधिकहरूको संयुक्त टोलीले विवरण संकलन र मूल्यांकनको काम अन्तिम चरणमा पुऱ्याएका हुन् ।

जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यका अनुसार १, २, ३, ४, ५, ६ र ९ नम्बर वडामा स्थलगत निरीक्षण गरी विवरण संकलन, क्षतिको मूल्यांकन गरी निस्सा वितरण सकिएको छ । 'धेरै क्षति भएको वडा नं ७ धाइरिङ र नाग्लीवाङमा पनि एक-दुई दिनमै क्षतिको मूल्यांकनसँगै निस्सा वितरणको काम सकिन्छ,' उनले भने, 'विपद्प्रभावितलाई राहतको काम सकेर अस्थायी आवास व्यवस्थापन र पुनर्निर्माणको चरणमा प्रवेश गरेका छौं ।'

विपद्बाट पुगेको निजी आवासको क्षति तथा नोक्सानीको प्रारम्भिक लेखाजोखा तयार, सूचना प्रणालीमा प्रविष्ट गर्ने, लगत संकलन सम्पन्नताको निस्सा दिने, लाभग्राहीको पहिचान गरी सूचीसहितको विवरण जिल्लामा पठाउने र क्षतिको स्तरअनुसार प्रबलीकरण, पुनर्निर्माण तथा पुनस्थापना छुटचाएर लाभग्राही कायम गर्न जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गरिने उपाध्यक्ष आचार्यले बताए ।

जलजलामा बाढीपहिरोका कारण ३१६ घरमा क्षति पुगेको छ । यस्तै, १२६ घर पूर्ण र ५० घरमा आंशिक क्षति पुग्नुका साथै १४० घर जोखिममा रहेका प्रारम्भिक विवरण संकलन भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्दीप लामिछानेले बताए । बाढीपहिरोले निजी आवाससँगै कोदो, धानलगायत खाद्यबाली र सुन्तलाखेती भएको खेतीयोग्य जमिन, सडक, खानेपानी, सिँचाइ, बस्ती संरक्षणका लागि निर्माण भएका पूर्वाधारमा अकल्पनीय क्षति भएको छ ।

सबैभन्दा बढी कालीगण्डकीको जलजला गाउँपालिका-८ फर्सेमा ७५ घर बगाएको र २७ घर जोखिममा छन् । बाढी प्रभावितमध्ये अन्यत्र घर नभएका र आफैं व्यवस्थापन गर्न नसकेकालाई अस्थायी शिविर बनाएर राखिएको छ ।

फर्सेसँगै वडा नं ७ का ताङवाङ र खानीगाउँ पनि प्रभावित भएका छन् । वडा नं ४ को लामाखेतमा पनि कालीगण्डकीको बाढी पसेर क्षति पुगेको छ । पहिरोका कारण ताङवाङ र खानीगाउँका ३५ परिवार विस्थापित भएका छन् । प्रभावित क्षेत्रमा आधारभूत राहत सामग्रीको व्यवस्था र अल्पकालीन तथा दीर्घकालीन पुनर्स्थापनाको कार्ययोजना अघि बढाएको गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताए ।

'तत्कालका लागि जस्तापाता, भाँडाकुँडा, लत्ताकपडा र खाद्यान्न उपलब्ध गराएर अस्थायी टहरा बनाई बसोबासको व्यवस्था मिलाउने योजना छ,' उनले भने, 'दीर्घकालीनरूपमा सरकारको नीतिअनुसार निजी आवास र क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण गर्नेछौं ।'

उनका अनुसार निजी आवाससँगै क्षतिग्रस्त सडक, खानेपानी, सिँचाइ र विद्यालय भवन पुनर्निर्माण तथा जोखिममा रहेका बस्तीको संरक्षण गर्नुपर्ने छ । बाढीपहिरो नियन्त्रणका लागि आवश्यक आर्थिक स्रोत जुटाउन संघीय तथा प्रदेश सरकार र दातृ निकायसँग समन्वय भइरहेको उनले बताए । *रासस*

काभ्रेमा अव्यवस्थित बसोबासीले जग्गा पाउन ढिलाइ

काभ्रेपलाञ्चोक– भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीको निवेदनप्रति यहाँका स्थानीय तहले प्राथमिकता नदिएको पाइएको छ । सरकारद्वारा गठित भूमि समस्या समाधान आयोगअन्तर्गतको जिल्ला समितिद्वारा स्थानीयस्तरबाट प्राप्त हुनुपर्ने निवेदनउपर कुनै चासो नदिइएको पाइएको हो ।

स्थानीय तहको बेवास्ताले भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन ढिलाइ पनि देखिएको छ । भूमिहीन परिवारलाई जग्गा उपलब्ध गराउन सरकारले आयोग गठन गरेर काम सुरु गरे पनि स्थानीय तहमा रहेका जनप्रतिनिधिले उनीहरूको समस्यालाई गम्भीररूपमा नलिएको समितिले जनाएको छ ।

समितिका सदस्यसचिव एवं प्रमुख नापी अधिकृत अशोककुमार भुसालले भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीका स्थानीय तहमा जम्मा भएका जग्गा माग गरिएका निवेदलाई कानुनी प्रक्रिया पूरा गरेर समितिमा नपठाउँदा जग्गाको नापजाँचलगायतको काम गर्न नसकिएको बताए । 'यसबाट उनीहरूको समस्याप्रति जनप्रतिनिधि गम्भीर नभएको देखिन्छ,' उनले भने ।

नापी अधिकृत भुसालका अनुसार जिल्लाको तीन नगर पनौती, पाँचखाल र नमोबुद्धले कार्यालयमा प्राप्त निवेदनको तीनपुस्ते विवरणलगायत कानुनतः जिल्ला समितिमा निवेदन बुझाएका छन् । जिल्लाका अन्य नौ स्थानीय तहले जिल्ला समितिमा कुनै निवेदन नपठाएको भुसालको भनाइ छ । उनका अनुसार पाँचखालले ८३, पनौतीले ५० जना, नमोबुद्धले ६२ को तीनपुस्ते विवरणसहितको निवेदन पठाएको हो ।

पनौतीको ५० र नमोबुद्धको ४२ निवेदनको भूमि प्रशासन कार्यालयबाट पूर्णपुष्टि गरिएको भुसालले जानकारी दिए । पनौती-२ मा हालैमात्र जग्गा नापजाँचको काम सकिएको छ भने नमोबुद्धमा जग्गा नापजाँच गर्न प्रक्रिया अघि बढाइने तयारी गर्न लागिएको भुसालको भनाइ छ ।

समितिमा हालसम्म पाँचखालको ५२१, पनौतीका ७३, नमोबुद्धका ७६७, खानीखोला गाउँपालिकाको ४२० र रोशीको १३८ निवेदनगरी हालसम्म एक हजार ९१९ निवेदनको सातदिने सूचना प्रकाशन गरिएको छ ।

यसैगरी, पाँचखालबाट ९० भूमिहीन र ४३१ अव्यवस्थित गरी कूल ५२९ निवेदन, पनौतीका ७३ भूमिहीन, नमोबुद्धका एक हजार २२० निवेदनमा ३० निवेदन सिफारिस नभएको, खानीखोलाबाट ४८ भूमिहीन र ४१७ अव्यवस्थित, रोशीबाट १५५ को र महाभारत गाउँपालिकाबाट ६१ को निवेदन समितिमा प्राप्त भएको जनाइएको छ ।

रोशी गाउँपालिका अध्यक्ष दिनेश लामाले समितिद्वारा पठाइएको निवेदनउपर पुनः तीनपुस्ते माग भएकाले वडावडामा 'सर्कुलर' गरिएको बताए । 'छिट्टै भेरिफाइ भए तिहासअघि नभए तिहारपछि बुझाउने योजनामा छौं,' उनले भने ।

समितिले स्थानीय तहबाट प्रक्रिया पूरा भई समितिमा सम्पूर्ण निवेदन प्राप्त भएमा भूमिहीन दलित र भूमिहीन सुकुमबासी नागरिकलाई छ महिनाभित्र जग्गा नापजाँचगरी पुर्जा वितरण गर्न सकिने र अव्यवस्थित बसोबासीलाई भने एक वर्षको अवधिमा लालपुर्जा दिन सकिने जनाएको छ ।

जिल्लामा हालसम्म भू-सूचना प्रणालीमा जिल्लाको १३ स्थानीय तहका १८८ भूमिहीन दलित, ७६४ भूमिहीन सुकुमबासी र पाँच हजार ४७७ अव्यवस्थित बसोबासी गरी कूल छ हजार ४२९ जनाको निवेदन प्रविष्ट भएको छ । *रासस*

युएइमा रोजगार कम्पनी : ARUN VALLEY BUILDINGS MAINTENANCE AND CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०४/२८ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०७/१६ | LT. No. 328851 | चलानी नं. ६०४४३०८०

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Labour	6	0	1000	८१,४६८	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २४ गते (10th Nov. 2026) मा हुनेछ ।

रुजगारदाता बिनाशुल्क नेपालीमा सबै कागजात तयार गरिने	रुजगार सम्पन्नपछि नेपालमा फिर्ता आउँदा टिकट	रुजगारदाता बिना शुल्क भिसा प्रशोधन गरिने	रुजगारदाता बिना शुल्क मेडिकल परीक्षण गरिने	हवाई टिकट कामदारले तिर्ने	बिमा शुल्क कामदारले तिर्ने	सामाजिक सुरक्षा कोष कामदारले तिर्ने	कल्याणकारी कोष कामदारले तिर्ने	सेवा शुल्क	अतिरिक्त काम गर्दा थप शुल्क	बिमा दाबीमा शुल्क
कामदार आफैं	फर्केर आउने	कामदार आफैंले	रुजगारदाता कम्पनीले	रुजगारदाता कम्पनीले	रुजगारदाता कम्पनीले	रु २५५/- कामदारले तिर्ने	रु १,२००/- कामदार आफैंले	निःशुल्क	रु ७००/- कामदार आफैंले	रुजगारदाता कम्पनीले

भिसा प्रोसेसिङ : कामदारले भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रुजम बुझाउनु होला । २. आफू साथ लगी जाने सामानको बीमा अनिवार्य गरिनुहोला । ३. आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ४. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढि रकम कमीलाई नदिनुहोला । ५. विदेश जानुअघि अनिवार्यरुपमा वा इजाजत तालिम अनिवार्य लिनुपर्नेछ । ६. विदेश जानुअघि आफ्ना जोखि मसुक्त, काम दिने कम्पनी, पठाउने संस्था, सुविधा र अन्य शर्तहरु राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोधी एकदमि आफ्नुस्त गर्नुहोला । ७. कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ८. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालाचलमा सम्पर्क गर्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD

LIC 1675/080/81 | Tokha -07, Basundhara, Kathmandu, Nepal | (Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com

युएइमा रोजगार कम्पनी : MUHAMMAD ARHAM MUHAMMAD TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१६ | LT. No. 325190 | चलानी नं. ६०२३९५५७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Mason	1	0	1100	८५,६१०	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक २४ गते (10th Nov. 2026) मा हुनेछ ।

रुजगारदाता बिनाशुल्क नेपालीमा सबै कागजात तयार गरिने	रुजगार सम्पन्नपछि नेपालमा फिर्ता आउँदा टिकट	रुजगारदाता बिना शुल्क भिसा प्रशोधन गरिने	रुजगारदाता बिना शुल्क मेडिकल परीक्षण गरिने	हवाई टिकट कामदारले तिर्ने	बिमा शुल्क कामदारले तिर्ने	सामाजिक सुरक्षा कोष कामदारले तिर्ने	कल्याणकारी कोष कामदारले तिर्ने	सेवा शुल्क	अतिरिक्त काम गर्दा थप शुल्क	बिमा दाबीमा शुल्क
कामदार आफैं	फर्केर आउने	कामदार आफैंले	रुजगारदाता कम्पनीले	रुजगारदाता कम्पनीले	रुजगारदाता कम्पनीले	रु २५५/- कामदारले तिर्ने	रु १,२००/- कामदार आफैंले	निःशुल्क	रु ७००/- कामदार आफैंले	रुजगारदाता कम्पनीले

भिसा प्रोसेसिङ : १) आफूले नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रुजम बुझाउनु होला । २) आफू साथ लगी जाने सामानको बीमा अनिवार्य गरिनुहोला । ३) आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ४) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमीलाई नदिनुहोला । ५) विदेश जानुअघि अनिवार्यरुपमा वा इजाजत तालिम अनिवार्य लिनुपर्नेछ । ६) विदेश जानुअघि आफ्ना जोखि मसुक्त, काम दिने कम्पनी, पठाउने संस्था, सुविधा र अन्य शर्तहरु राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोधी एकदमि आफ्नुस्त गर्नुहोला । ७) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालाचलमा सम्पर्क गर्नुहोला ।

Superb For Ultimate Manpower Solution Pvt.Ltd

Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448 | E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com

युएइ/मलेसियामा रोजगार कम्पनी : MF PROTECTION SDN BHD | सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८३/०६/३० | LT. No. 349589 | चलानी नं. ६०२६९१८२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब RM	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Security Guard	132	0	1700	६३,६०७	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी : SYMPHONY GUARDFORCE SDN BHD | सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८३/०६/२१ | LT. No. 348720 | चलानी नं. ६०२६१८८३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब RM	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Security Guard	100	0	1700	६३,६०७	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक २४ गते (10th Nov. 2026) मा हुनेछ ।

रुजगारदाता बिनाशुल्क नेपालीमा सबै कागजात तयार गरिने	रुजगार सम्पन्नपछि नेपालमा फिर्ता आउँदा टिकट	रुजगारदाता बिना शुल्क भिसा प्रशोधन गरिने	रुजगारदाता बिना शुल्क मेडिकल परीक्षण गरिने	हवाई टिकट कामदारले तिर्ने	बिमा शुल्क कामदारले तिर्ने	सामाजिक सुरक्षा कोष कामदारले तिर्ने	कल्याणकारी कोष कामदारले तिर्ने	सेवा शुल्क	अतिरिक्त काम गर्दा थप शुल्क	बिमा दाबीमा शुल्क
कामदार आफैं	फर्केर आउने	कामदार आफैंले	रुजगारदाता कम्पनीले	रुजगारदाता कम्पनीले	रुजगारदाता कम्पनीले	रु २५५/- कामदारले तिर्ने	रु १,२००/- कामदार आफैंले	निःशुल्क	रु ७००/- कामदार आफैंले	रुजगारदाता कम्पनीले

भिसा प्रोसेसिङ : १) आफूले नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रुजम बुझाउनु होला । २) आफू साथ लगी जाने सामानको बीमा अनिवार्य गरिनुहोला । ३) आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ४) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमीलाई नदिनुहोला । ५) विदेश जानुअघि अनिवार्यरुपमा वा इजाजत तालिम अनिवार्य लिनुपर्नेछ । ६) विदेश जानुअघि आफ्ना जोखि मसुक्त, काम दिने कम्पनी, पठाउने संस्था, सुविधा र अन्य शर्तहरु राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोधी एकदमि आफ्नुस्त गर्नुहोला । ७) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालाचलमा सम्पर्क गर्नुहोला ।

Rasuwa Overseas Pvt. Ltd.

Airport, Kathmandu, Nepal, Tel:. 01-5906439/5906448, Suresh Lama: 9840557986, Dinesh Lama: 9851354485, Dawa Lama: 51125465, Raju Lama: 9801300071, Sunil Timilsina: 9801300072 | Dawa Lama 9742546470, Dinesh Lama 9851354485 / E-Mail : rasuwaoverseas@gmail.com, Website : www.rasuwaoverseas.com

प्रभाव दैनिक

रूपशाला

संगीत समर्पण साँझमा गुञ्जिइन् उन्नती

विगत छ दशकदेखि साहित्य र सङ्गीतमा निरन्तर साधना गरिरहेकी प्रतिष्ठित गीतकार तथा साहित्यकार प्राज्ञ उन्नती बोहरा 'शीला' को नाममा भएको 'फर्की आउ शान्ति तिमी उन्नती शीला संगीत समर्पण साँझ- २०८३' भव्य रूपमा सम्पन्न भएको छ । उन्नती बोहरा शीला गीत पुरस्कार मञ्चको आयोजनामा काठमाडौं नेपाल पुलिस क्लबमा सम्पन्न भएको हो । मन्धुम संस्कृतिविद् तथा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व कूलपति बैरागी काइँलाको प्रमुख आतिथ्यतामा प्रतिष्ठित संगीतकार संगीतरत्न शम्भूजीत बासकोटालाई अभिनन्दन गर्दै संगीत समर्पण साँझ सम्पन्न भएको हो । संगीतरत्न बासकोटालाई नगदराशित १ लाख ५१ हजार रुपैयाँसहित अभिनन्दन गरिएको थियो ।



मंगलबार, १७ कात्तिक २०८३ (Tuesday, 03 November 2026)

दोस्रो काठमाडौं हरर फिल्म फेस्ट सम्पन्न



■ प्रभाव संवाददाता

काठमाडौं– दोस्रो काठमाडौं हरर फिल्म फेस्ट (केएचएफएफ) सम्पन्न भएको छ । अक्टोबर ३० देखि काठमाडौंस्थित रुसी हाउसमा आयोजित महोत्सव सम्पन्न भएको हो । नेपाल फिल्म एन्ड कल्चरल एकेडेमीको आयोजना तथा काठमाडौंस्थित रुसी हाउस, सिने मेकर्स नेपाल र आईएमई खल्तीको सहयोगमा महोत्सव आयोजना गरिएको थियो ।

महोत्सवको समापन समारोहमा सांस्कृतिक क्षेत्रका व्यक्तित्व, कूटनीतिज्ञ तथा चलचित्रकर्मीहरूको सहभागिता थियो । समारोहमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका इमेरिटस चान्सलर ब्रजेश खनाल प्रमुख अतिथिका रूपमा सहभागी थिए ।

त्यस्तै, नेपालस्थित रुसी दूतावासका उपप्रमुख तथा मन्त्री काउन्सिलर रिन्चेन रक्षोव, नेपालका पूर्व वातावरण, विज्ञान तथा प्रविधिमन्त्री गणेश शाह, काठमाडौंस्थित रुसी हाउसकी प्रमुख अनास्तासिया खोख्लोभा र नेपाल फिल्म एन्ड कल्चरल एकेडेमीका अध्यक्ष केपी पाठक सहभागी थिए ।

महोत्सव निर्देशक राशिक पाठकले केएचएफएफ २०२६ का विजेताको घोषणा गरेका थिए । प्रतियोगितामा १८ वटा छोटा चलचित्र र ६ वटा फिचर चलचित्र सहभागी थिए । दर्शकको मतका आधारमा नेपाली चलचित्र 'केएनएआर' उत्कृष्ट छोटो चलचित्र घोषित भयो । आकाश धिमालको निर्देशन रहेको उक्त चलचित्रले अवार्ड जितेको हो ।

त्यस्तै, फ्रान्स, लेबनान, कतार र साउदी अरेबियाको संयुक्त निर्माण रहेको 'इन दिस डार्कनेस आई सी यू' उत्कृष्ट फिचर चलचित्र घोषित भयो । नादिम तावेटले निर्देशन गरेको उक्त चलचित्रले दर्शकको मतका आधारमा अवार्ड प्राप्त गरेको हो । महोत्सवको विशेष आकर्षणका रूपमा प्रतिस्पर्धाबाहिर रुसी चलचित्र 'द विन्ड' प्रदर्शन गरिएको थियो । सर्गेई क्लियान्ट्सको निर्देशन रहेको उक्त चलचित्र प्योत्र लुत्सिक र अलेक्सी सामोर्यादोभको पटकथामा आधारित छ । चलचित्र प्रदर्शनपछि दर्शकहरूले लामो समयसम्म त्यसबारे छलफल गरेका थिए ।

समापन समारोहमा रुसी हाउसकी प्रमुख अनास्तासिया खोख्लोभाले महोत्सव सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिइन् । उनले हरर चलचित्र निर्माणमा संलग्न चलचित्रकर्मी र यस विधामा रुचि राख्ने युवालाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिइन् । उनले गत वर्ष आयोजित पहिलो संस्करणको तुलनामा दोस्रो संस्करणले विकास र प्रगति देखाएको उल्लेख गर्दै तेस्रो संस्करण अझ राम्रो र प्रभावकारी हुने विश्वास व्यक्त गरिन् ।

सन् २०२५ मा रुसी हाउसको सहयोगमा सुरु भएको केएचएफएफ नेपालकै पहिलो हरर चलचित्र महोत्सव हो । महोत्सवले अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा प्रशंसा पाएका चलचित्र तथा स्वतन्त्र चलचित्रकर्मीका सिर्जना प्रदर्शन गर्ने मञ्चका रूपमा आफूलाई स्थापित गर्दै गएको आयोजकले जनाएको छ ।

यस वर्षको महोत्सवमा नेपालसहित इजिप्ट, फ्रान्स, जर्मनी, साउदी अरेबिया, ट्युर्निसिया, लेबनान र कतारका चलचित्र प्रदर्शन गरिएका थिए । महोत्सवका चलचित्रमा परम्परागत डरका कथासँगै सामाजिक चिन्ता र वास्तविक संसारका पीडाबाट उत्पन्न हुने भयलाई समेत प्रस्तुत गरिएको थियो । आयोजकले आगामी वर्ष पनि विश्वभरका चलचित्रकर्मी र दर्शकलाई काठमाडौंमा जोड्ने उद्देश्यसहित महोत्सवलाई निरन्तरता दिने जनाएको छ ।

'बुलेट प्रुफ क्याबिन'मा देखिए अमिताभ बच्चन

मुम्बई – आइतबार बलिउड अभिनेता अमिताभ बच्चन मुम्बईस्थित आफ्नो निवास 'जलसा' बाहिर आफ्ना प्रशंसकहरूलाई भेट्न निस्किए ।



बमको धम्की आएपछि उनी बुलेटप्रुफ (गोली नछिर्ने) सिसाको कक्षभित्र देखा परेका थिए । सोही कक्षभित्रबाट उनले बाहिर भेला भएका प्रशंसकहरूलाई हात हल्लाएर अभिवादन गर्नुका साथै परम्परागत शैलीमा हात जोडेर 'नमस्कार' पनि गरे ।

हालै अमिताभ बच्चनको घरलाई बमले उडाइदिने धम्की आएपछि मुम्बई प्रहरीले उनको सुरक्षा व्यवस्था कडा पारेको छ ।

हरेक आइतबार अमिताभ बच्चन आफ्ना प्रशंसकहरूलाई अभिवादन गर्न आफ्नो बंगला 'जलसा' बाहिर आउने गर्छन् । यो परम्परालाई 'सन्डे दर्शन' (आइतबारको दर्शन) भनिन्छ । हालै अमिताभ बच्चनको निवासलाई बमले उडाइदिने धम्की आएको थियो । यस घटनापछि मुम्बई प्रहरी उच्च सतर्कतामा आएको छ र 'जलसा' वरपरको सुरक्षा व्यवस्था कडा पारिएको छ । आइतबार 'दर्शन' को समयमा प्रहरीकर्मीहरू ब्यारिकेड नजिकै तैनाथ रहेर भीडमाथि कडा निगरानी राखेका थिए ।

पछिल्लो 'सन्डे दर्शन' को समयमा अमिताभ बच्चनका साथमा उनका छोरा अभिषेक बच्चन पनि देखिएका थिए । सामान्यतया यो परम्पराअनुसार अमिताभ आफ्ना प्रशंसकहरूसामु एक्लै उपस्थित हुने गर्छन् तर यस पटक भने बुबाको पछाडि उभिएका अभिषेकको उपस्थिति धेरैको ध्यान तान्न सफल भयो ।

अमिताभ बच्चनले हालै आफ्नो ब्लगमा आफूलाई केही आरामको आवश्यकता रहेको उल्लेख गरेका छन् । उनले लेखे अनुसार, चिकित्सकहरूले उनलाई केही दिन विश्राम लिन र आफ्नो स्वास्थ्यमा ध्यान केन्द्रित गर्न सल्लाह दिएका छन् ।

यसअघि उनले सामाजिक सञ्जालमार्फत आफ्नो स्वास्थ्यबारे जानकारी दिँदै शरीरलाई तन्दुरुस्त बनाउन अझ बढी समय आवश्यक रहेको बताएका थिए । यति हुँदाहुँदै पनि उनले आइतबार आफ्ना प्रशंसकहरूसँग भेटघाट गर्ने आफ्नो पुरानो परम्परालाई भने निरन्तरता दिए । अमिताभ बच्चनले लामो समयदेखि यो परम्परालाई निरन्तरता दिँदै आएका छन । हरेक आइतबार उनका प्रशंसकहरूको भीड उनको घरबाहिर जम्मा हुन्छ र एक झलक हेर्नका लागि घण्टौंसम्म प्रतीक्षा गर्छन् ।

प्राप्त जानकारी अनुसार अक्टोबर २३ का दिन मुम्बईकी मेयर ऋतु तावडेको कार्यालयमा एउटा धम्कीपूर्ण इमेल आएको थियो । उक्त इमेलमा अमिताभ बच्चनको बंगला, मुम्बईमा आयोजना हुने गायक तथा अभिनेता दिलजित दोसाञ्जको कन्सर्ट र केही विद्यालयहरूलाई निशाना बनाउने धम्की दिइएको थियो । इमेलमा अक्टोबर ३१ देखि नोभेम्बर २७ को बीचमा जुहूस्थित अमिताभको बंगला 'जलसा' लाई निशाना बनाउने कुरा उल्लेख गरिएको थियो । *एजेन्सी*

रंगशाला

एनपिएल क्रिकेट

सुदूरपश्चिम र काठमाडौं विजयी

आज विराटनगर र जनकपुर तथा लुम्बिनी र पोखरा भिड्दै

■ प्रभाव संवाददाता

काठमाडौं– तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत सोमबारको खेलमा सुदूरपश्चिम रोयल्स र काठमाडौं गोर्खाज्ले जित हात पारेका छन् । काठमाडौंले कर्णाली याक्सविरुद्ध चार विकेटको जित हात पार्दै प्रतियोगितामा पहिलो जित हात पारेको हो भने सुदूरपश्चिमले चितवनलाई ५ विकेटले पराजित गर्दै चौथो खेलमा दोस्रो जित हात पारेको हो ।

प्रतियोगिताअन्तर्गत मंगलबार पहिलो खेलमा विराटनगर किङ्ग्सले जनकपुर बोल्ट्सको सामना गर्नेछ भने दोस्रो खेलमा लुम्बिनी लायन्स र पोखरा एभेञ्जर्स भिड्नेछन् । प्रतियोगितामा ३ खेल खेलिसकेको विराटनगरले दुई खेलमा पराजय भोगेको छ भने एकखेलमा जित हात पारेको छ । त्यस्तै जनकपुर बोल्ट्सले तीन खेलमा २ जित हात पारेको छ भने एक खेलमा पराजय भोगेको छ ।

त्यस्तै लुम्बिनी लायन्सले दुई खेलमा एकमा जित र एक खेलमा अंक बाँडेको छ भने पोखरा एभेञ्जर्सले खेलेका दुवै खेलमा पराजय भोगेको छ ।

सुदूरपश्चिम विजयी

चितवन राइनोजविरुद्ध सुदूरपश्चिम रोयल्सले पाँच विकेटको जित निकालेको छ । यस प्रतियोगितामा उसको यो दोस्रो जित हो । सुदूरपश्चिमले यसअघि दोस्रो खेलमा पोखरा एभेन्जर्सलाई हराएको थियो । सोमबार भएको खेलमा चितवनले दिएको १३० रनको लक्ष्य सुदूरपश्चिमले १६ दशमलव चार ओभरमा पाँच विकेटको क्षतिमा पूरा गऱ्यो ।

उसका लागि ब्रेन्डन म्याकमुलेनले २१ बलमा छ चौका र दुई छक्कासहित सर्वाधिक ४३ रनको पारी खेले । यस्तै, ईशान पाण्डेले २१ र विनोद भण्डारीले ११ रन जोडे । अविजित रहेका शेरफन रदरफर्डले २१ र आरिफ शेखले २० रन बनाए । चितवनका लागि बलिङतर्फ रञ्जित कुमारले चार ओभरमा २८ रन दिएर सर्वाधिक तीन विकेट लिए । यस्तै, मौसम ढकाल र रिजन ढकालले समान एक/एक विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा टस हारेर ब्याटिङको मौका पाएको चितवनले निर्धारित २० ओभरमा छ विकेट गुमाएर १२९ रन बनायो ।

उसका लागि रवि बोपाराले ४० बलमा तीन चौका र दुई छक्कासहित सर्वाधिक ४९ रनको पारी खेले । यस्तै, डेविड मलानले १६, कप्तान सिकन्दर राजा र अर्जुन साउदले समान १५/१५ तथा विवेककुमार यादवले १७ रन जोडे ।

सुदूरपश्चिमका लागि बलिङतर्फ स्कट कुग्लाइनले दुई तथा कप्तान दीपेन्द्रसिंह ऐरी र अनिल खरेलले एक/एक विकेट लिए ।

काठमाडौंको पहिलो जित

काठमाडौं गोर्खाजले कर्णाली याक्सलाई ४ विकेटले हराउँदै प्रतियोगितामा पहिलो जित दर्ता गराएको छ । काठमाडौं पहिलो खेलमा जनकपुर बोल्ट्ससँग आठ विकेटले पराजित भएको थियो ।

कर्णाली याक्सले जितका लागि दिएको १८१ रनको लक्ष्य पच्छाएको काठमाडौंले १९ दशमलव चार ओभरमा छ विकेट गुमाउँदै पूरा गऱ्यो । काठमाडौंका लागि राशिद खानले उत्कृष्ट ब्याटिङ गर्दै ३३ बलमा सर्वाधिक ५० रन बनाए । उनले तीन चौका र दुई छक्का प्रहार गरे ।

त्यसैगरी कप्तान करण केसीले पनि आक्रामक ब्याटिङ गर्दै २० बलमा ४४ रन जोडे । उनले चार चौका र तीन छक्का प्रहार गरे । जाहन्दाद खानले अविजित २२ रन बनाए भने मोहम्मद आदिल आलमले २० रनको योगदान दिए ।

यता बलिङतर्फ कर्णालीका सोमपाल कामी र हुसेन तलातले समान दुई/दुई विकेट लिए भने मार्क वाट र नन्दन यादवले समान एक/एक विकेट हात पारे ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको कर्णालीले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै १८० रनको योगफल बनाएको थियो । कर्णालीका लागि अरिफूल इस्लामले आक्रामक ब्याटिङ गर्दै सर्वाधिक ४४ रन बनाए । उनले २२ बलमा पाँच चौका र तीन छक्का प्रहार गरे ।

त्यस्तै हुसेन तलातले ३० बलमा ४० रन जोड्दा पवन सर्राफले अविजित ३० रन बनाए । गुल्शन झाले २० तथा मार्क वाटले १७ रनको योगदान दिए ।

काठमाडौंका लागि करण केसीले दुई विकेट लिए भने शाहब आलम, जाहन्दाद खान, देव शाह र सन्तोष यादवले समान एक/एक विकेट हात पारे ।

यता कर्णालीको भने लगातार दोस्रो जित पछिको यो पहिलो हार हो । कर्णालीले पहिलो खेलमा जनकपुर बोल्ट्सलाई १९ रनले हराएको थियो भने दोस्रो खेलमा विराटनगर किङ्ग्समाथि चार विकेटको जित निकालेको थियो ।

कर्णाली शीर्षस्थानमा

प्रतियोगिता अन्तर्गत ३ खेलबाट कर्णाली ४ अंकसहित शीर्ष स्थानमा रहेको छ भने ३ खेलबाटै जनकपुर र चारखेलबाट सुदूरपश्चिमको पनि चार अंक नै रहेको छ ।

त्यस्तै लुम्बिनी लायन्स र चितवन राइनोज्को ३/३ अंक रहेको छ भने विराटनगर किङ्ग्स र काठमाडौं गोर्खाज्को २/२ अंक रहेको छ भने पोखरा एभेञ्जर्सले हालसम्म कुनै अंक जोड्न सकेको छैन ।

चीनमा शृंखला खेल्ने नेपाली क्रिकेट टोलीको बिदाइ



काठमाडौं (प्रस)– चीनमा हुने 'बेल्ट एन्ड रोड यु-१९ सिरिज' मा सहभागी हुन जाने नेपाली महिला क्रिकेट टोलीको बिदाइ गरिएको छ । नेपाल क्रिकेट सङ्घ (क्यान)द्वारा सोमबार आयोजित कार्यक्रममा उक्त टोलीलाई बिदाइ गरेको हो ।

त्यस अवसरमा क्यानका उपाध्यक्ष रोशन सिंहले आगामी वर्ष हुने आइसिसी यु-१९ महिला विश्वकपको तयारीस्वरूप नेपाली टोलीले चीनमा सिरिज खेल्न लागेको जानकारी दिए । खेलाडीले पर्याप्त अभ्यासको अवसर पाएकाले प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने विश्वास व्यक्त गर्दै उनले खेलाडीलाई परिपक्व खेल प्रदर्शन गर्न सुझाव दिए ।

टोलीका मुख्य प्रशिक्षक महेशप्रसाद रिजालले चीन भ्रमण खेलाडीका कमजोरी सुधार्ने र अनुभव हासिल गर्ने महत्वपूर्ण अवसर भएको बताए । उक्त सिरिजले टोलीको समग्र क्षमता मूल्यांकन गर्दै आगामी प्रतियोगिताका लागि बलियो टोली निर्माण गर्न पनि सहयोग पुग्ने उनको भनाइ थियो ।

टोलीकी कप्तान सोनी पाख्रिनले उक्त प्रतियोगिताका लागि आफूहरू पूर्ण तयारी रहेकाले राम्रो प्रदर्शन गर्ने विश्वास व्यक्त गरिन् ।

क्यानका अनुसार 'बेल्ट एन्ड रोड सिरिज' आज (मंगलबार)देखि यही कात्तिक २२ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा नेपालसहित आयोजक चीन, हङकङ र थाइल्याण्डको सहभागिता रहनेछ । नेपालले प्रतियोगितामा तीनवटै टोलीसँग प्रतिस्पर्धा गर्नेछ ।

'पदक जित्ने तयारी गर्नुस् बजेट अभाव हुँदैन'

सुर्खेत– कर्णाली प्रदेशका मुख्यमन्त्री मंगलबहादुर शाहीले उत्कृष्ट खेलाडी छनौट गरेर पदक जित्ने तयारीमा जुट्न कर्णाली प्रदेश खेलकुद विकास परिषद्लाई आग्रह गरेका छन् ।

दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीका सम्बन्धमा बसोबास व्यवस्थापन उपसमितिद्वारा आइतबार आयोजित छलफल कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री शाहीले कर्णालीका सामू पदकका सामू बजेटको समस्या ठूलो नभएको बताए । 'तपाईंहरू राम्रा खेलाडी छनौट गर्नुस्, निष्पक्ष भएर खेलाडी छनौट गर्नुस्, राम्रा प्रशिक्षक ल्याउनुस र पदक जित्ने तयारीमा लाग्नुस्, बजेटको कुनै समस्या हुँदैन्, तपाईंहरूले मागेको भन्दा बढी बजेट दिन प्रदेश सरकार तयार छ,' उनले भने, 'दशौं राष्ट्रिय खेलकुद हाम्रो लागि अवसर र चुनौती सबै हो, सबै मिलेर चुनौतीको सामना गरौं, अवसरको उपयोग पनि गरौं ।'

मुख्यमन्त्री शाहीले दशौं राष्ट्रिय खेलकुदको व्यवस्थापनका लागि प्रदेश सरकार, परिषद् वा सरकारी निकायले मात्र सम्भव नभएकाले सबै सरोकारवालाको उत्तिकै सहयोग र सहकार्य जरुरी रहेको औंल्याए । प्रतियोगिताको आयोजक संघीय सरकार भएपनि कर्णाली प्रदेशमा हुने भएकाले कुनै कमीकमजोरी नहुने गरी सबै निकायबीच समन्वय हुनुपर्ने उनको भनाई थियो । साथै उनले अब पनि प्रतियोगिता स्थगित हुन्छ की भनेर आशंका नगर्न सबैलाई अपिल गरे ।

छलफलमा सामाजिक विकासमन्त्री जितबहादुर मल्लले कर्णाली प्रदेशले जिम्मेवारी पाएका चार वटै उपसमितिले हालसम्म सन्तोषजनक कामहरू गरेको धारणा राखे । 'बाँकी उपसमितिले के कति काम गरिरहेका छन्, त्यसमा हाम्रो पनि चासो छ,' उनले भने, 'प्रतियोगिता व्यवस्थापनको ठूलो जिम्मेवारी हाम्रो काँधमा आएकाले कुनै कसर बाँकी नराखी काम गरौं ।'



दक्षिण चीनको ग्वाङ्सी झुआङ स्वायत्त क्षेत्रस्थित लोङसेङ काउन्टीको पिङआन गाउँमा काँधमा डण्डी (भार बोक्ने साधन) राखेर भित्र्याइएको धान बोक्ने अनुभव लिँदै एक विदेशी पर्यटक । *तस्विर: सिन्हुवा*

इरानमाथि आक्रमणको ट्रम्पको चेतावनी, तेहरानको कडा जवाफ



वासिङ्टन/तेहरान– अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि कुनै समयमा पुनः आक्रमण गर्न सक्ने चेतावनी दिएका छन् । इरानी सेनाले भने अमेरिकाले नयाँ आक्रमण गरे त्यसको जवाफ पहिलेभन्दा व्यापक र निर्णायक हुने तथा द्वन्द्व लामो समयसम्म चल्न सक्ने बताएको छ ।

अमेरिकामा नोभेम्बर ३ मा हुने मध्यावधि निर्वाचनअघि आइतबार आयोवामा आयोजित चुनावी सभामा ट्रम्पले इरानमाथि कारवाही पुनः सुरु गर्ने संकेत गरे । 'म इरानसँगको विषय टुंगचाउन नसक्नुको एउटै कारण म संयमित हुन चाहनु हो । कुनै समयमा हामीले उनीहरूलाई कडा प्रहार गर्नुपर्ने हुन्छ,' उनले भने ।

इरानी सेनाका प्रवक्ता मोहम्मद अक्रामिनियाले अमेरिकाले पुनः आक्रमण गरे तत्काल र निर्णायक प्रतिकार गरिने बताएका छन् । इरानको अर्धसरकारी मेहर समाचार संस्थाका अनुसार उनले अमेरिकी सैन्य अखडा, उपकरण, कर्मचारी र स्वार्थलाई जहाँसम्म इरानको पहुँच पुग्छ, त्यहाँसम्म निशाना बनाउन सकिने चेतावनी दिएका छन् । नयाँ द्वन्द्व अघिल्लोभन्दा लामो समयसम्म चल्न सक्ने उनको भनाइ छ ।

यसैबीच, अमेरिकी समाचार संस्था एक्सियोसका अनुसार इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुले शनिबार टेलिफोन वार्ताका क्रममा अमेरिकी मध्यावधि निर्वाचनलगत्तै इरानमाथि आक्रमण गर्न ट्रम्पलाई आग्रह गरेका थिए । तर, ट्रम्प वार्तालाई निरन्तरता दिन चाहेको बताइएको छ ।

वासिङ्टनबाट कूटनीति र सैन्य कारबाही दुवैका संकेत आइरहेका बेला इरानले बिहीबार अमेरिकी उपराष्ट्रपति जेडी भान्सबाट शान्ति वार्ता पुनः सुरु गर्न आह्वान गरिएको पत्र प्राप्त गरेको थियो । ट्रम्पको निर्देशनमा पठाइएको उक्त पत्रको भाषालाई तेहरानले सकारात्मक संकेतका रूपमा लिएको जनाएको छ ।

तर, 'वाल स्ट्रिट जर्नल' का अनुसार वरिष्ठ अमेरिकी सैन्य अधिकारीहरूले बिहीबार ट्रम्पलाई इरानसम्बन्धी सम्भावित विकल्पबारे जानकारी गराएका थिए । मध्यावधि निर्वाचनपछि इरानविरुद्ध छोटो तर तीव्र सैन्य अभियान सञ्चालन गर्न सक्ने तयारीस्वरूप अमेरिकाले खाडी क्षेत्रका केही देशलाई आग्रह गरेको पनि समाचारमा उल्लेख छ ।

इरानका सर्वोच्च नेता मोजताबा खमेनीले शनिबार जारी वक्तव्यमा वरिष्ठ सैन्य कमाण्डरहरूलाई शत्रुबाट आउने जुनसुकै प्रकृति र स्तरको खतराको तत्काल तथा प्रभावकारी जवाफ दिन निर्देशन दिएको जनाइएको छ ।

इरानसँगको संकटमा सैन्य समाधान पर्याप्त नहुने युएईको भनाइ

मनामा (बहराइन)– संयुक्त अरब इमिरेट्स (युएई) का राष्ट्रपति सल्लाहकार अनवर गर्गशले इरानसँगको बढ्दो तनाव समाधान गर्न सैन्य उपायभन्दा कूटनीतिक तथा राजनीतिक पहललाई प्राथमिकता दिनुपर्ने बताएका छन् । सैन्य समाधानले संकट थप जटिल बनाउने र तत्काल निकास दिन नसक्ने उनको भनाइ छ ।

बहराइनमा आयोजित सुरक्षा सम्मेलनमा उनले अमेरिका र इरानबीचको अडानमा ठूलो दूरी रहेकाले वार्ताबाट निकास ननिस्किए गम्भीर परिणाम आउन सक्ने चेतावनी दिए । इरानी विदेशमन्त्री अब्बास अराघचीले भने हर्मुज जलघाँटी पुनः खोल्ने प्रस्तावबारे वार्ताका लागि इरानी प्रतिनिधिमण्डल कतारमा रहेको र इरान कूटनीति तथा आत्मरक्षा दुवैका लागि तयार रहेको बताएका छन् ।

गत फेब्रुअरी २८ मा अमेरिका र इजरायलको संयुक्त आक्रमणबाट सुरु भएको युद्धमा युएईले तीन हजारभन्दा बढी ड्रोन तथा ब्यालिस्टिक क्षेप्यास्त्र आक्रमण सामना गरेको थियो । त्यसयता खाडी मुलुकहरूले रक्षा क्षमता विस्तारमा अर्बौं डलर खर्च गरेका छन् ।

बहराइनका विदेशमन्त्री अब्दुल्लातिफ बिन राशिद अल जायानीले इरानले समुद्री मार्ग, हवाई क्षेत्र र सञ्चार पूर्वाधारलाई लक्षित गरी क्षेत्रीय स्थिरतामा खतरा उत्पन्न गरेको आरोप लगाए । आइआइएसएसका अनुसार युद्धको उत्कर्षमा इरानले बहराइनतर्फ ५०० ड्रोन र करिब २०० ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरेको थियो ।

सम्मेलनमा खाडी सहयोग परिषद्का सदस्य राष्ट्रबीच साझा रक्षा रणनीतिको अभाव पनि प्रमुख चिन्ताका रूपमा उठेको थियो । गर्गशले गम्भीर सुरक्षा संकटका बेला खाडी मुलुकहरू सामूहिकरूपमा अघि बढ्न नसकेको स्वीकार गर्दै क्षेत्रीय सहकार्य आवश्यक रहेको बताए । *रासस/एपी*

रूस-युक्रेन चेतावनी प्रणालीमा साइबर आक्रमण, युद्धविराम समाप्त

किएभ– रुस र युक्रेनका आपत्कालीन चेतावनी प्रणालीमा साइबर आक्रमण भएपछि दुवै देशले एकअर्कामाथि आरोप लगाएका छन् । अक्टोबर २७ देखि नोभेम्बर १ सम्म लागू युद्धविराम समाप्त भएसँगै दुई देशबीच सैन्य तनाव पुनः बढ्ने चिन्ता देखिएको छ ।

रुसको आपत्कालीन मन्त्रालयले आफ्नो मोबाइल एपमा भएको साइबर आक्रमणबाट सर्वसाधारणलाई ड्रोन आक्रमणलगायत खतराबारे गलत सूचना पठाइएको जनाएको छ । यसअघि युक्रेनको चेतावनी प्रणालीमा पनि विकिरणको खतरा रहेको गलत सूचना देखिएको थियो । युक्रेनले यसमा रुसको हात रहेको आरोप लगाए पनि मस्कोले भने आफ्नो प्रणालीमाथिको आक्रमणमा कसैलाई दोष दिएको छैन ।

युक्रेनी मानवअधिकार आयुक्त दमित्रो लुबिनेट्सका अनुसार युद्धविरामले रुसी नियन्त्रणमा रहेको ओलेस्की सहरमा मानवीय सहायता अभियान सञ्चालन गर्न सहयोग गरेको थियो । तर, युद्धविरामका क्रममा रुसी सेनाले थप सैनिक परिचालन, गोलाबारुद भण्डारण र निगरानी ड्रोनमार्फत सूचना संकलन गरेको एक युक्रेनी सैन्य अधिकारीले



दाबी गरेका छन् ।


युद्धविराम समाप्त भएपछि खेरसन क्षेत्रका गभर्नर ओलेक्साण्डर प्रोकुडिनले स्थानीय बासिन्दालाई सतर्क रहन आग्रह गरेको छ । यसैबीच, रुसले आफ्नो औद्योगिक प्रतिष्ठानमा युक्रेनी ड्रोन आक्रमण भएको जनाएको छ भने युक्रेनी सञ्चारमाध्यमले कोस्टोभो तेल प्रशोधन केन्द्र लक्षित भएको उल्लेख गरेका छन् ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले रुसी तेल प्रशोधन केन्द्रमाथिको आक्रमण रोक्न युक्रेनको ऊर्जा पूर्वाधारमाथिका रुसी हमला पनि रोकिनुपर्ने बताएका छन् । रुसी आक्रमणका कारण युक्रेनका विभिन्न क्षेत्रमा विद्युत् कटौती भएको छ । अमेरिकी मध्यस्थतामा रोकिएको रुस-युक्रेन वार्ता यसै महिना पुनः सुरु गर्ने तयारी भइरहेको छ । *रासस/एएफपी*

भारतको पूर्वी तटतर्फ दोस्रो चक्रवात, भारी वर्षाको चेतावनी

नयाँदिल्ली– एक साताभन्दा कम अवधिमा भारतको पूर्वी तटतर्फ दोस्रो चक्रवात अघि बढेपछि आन्ध्र प्रदेश र तमिलनाडुमा भारी वर्षाको चेतावनी दिइएको छ । भारतको मौसम विज्ञान विभागका अनुसार 'मुरासु' नामक चक्रवात सोमबार मध्यरात वा मंगलबार बिहान तटीय क्षेत्रमा प्रवेश गर्ने अपेक्षा गरिएको छ ।

मौसम विभागका अनुसार चक्रवातले दक्षिणी आन्ध्र प्रदेशको तट पार गर्दा प्रतिघण्टा १०० देखि ११० किलोमिटर र अधिकतम १२० किलोमिटरसम्मको गतिमा हावा चल्न सक्छ । आँधी नेल्लोर र नरसापुरबीच, ओंगोल सहरनजिकै तटमा प्रवेश गर्ने



अनुमान गरिएको छ ।

मुरासु अघिल्लो चक्रवातभन्दा कमजोर हुने अपेक्षा गरिए पनि यसले पहिले नै प्रभावित क्षेत्रमा थप भारी वर्षा गराउन सक्ने जनाइएको छ । गत बुधबार आएको 'अर्नब' चक्रवातले आन्ध्र प्रदेशको तटीय क्षेत्रमा भारी वर्षा गराउँदा कम्तीमा तीन जनाको मृत्यु भएको थियो ।

मौसम विभागले तीव्र हावाले कमजोर घरमा क्षति पुऱ्याउन, छाना उडाउन र रूख ढाल्न सक्ने चेतावनी दिएको छ । यसबाट खेतमा रहेका बाली, फलफूलका बगैंचा तथा अन्य कृषि उत्पादनमा समेत क्षति पुग्न सक्छ ।

बंगालको खाडी र उत्तरी हिन्द महासागर क्षेत्रमा चक्रवात नियमित जोखिमका रूपमा रहने गरेका छन् । उत्तरी अटलान्टिकमा यस्ता आँधीलाई हरिकेन र प्रशान्त महासागरमा टाइफुन भनिन्छ । एएफपीका अनुसार पछिल्लो चक्रवातको प्रभावबाट भारतको पूर्वी तटीय क्षेत्रका बासिन्दा फेरि प्रभावित हुन सक्ने देखिएको छ । *रासस/एएफपी*

चीन र रुसमाथि पनि जासुसी गरिरहेको ट्रम्पको दाबी

आयोवा (अमेरिका)– अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीन र रुसले अमेरिकाको जासुसी गरिरहेको भए पनि अमेरिकाले उनीहरूको निगरानी गरिरहेको र यसमा आफूहरू अझ सक्षम रहेको दाबी गरेका छन् ।

आइतबार आयोवामा रिपब्लिकन उम्मेदवारहरूको चुनावी सभालाई सम्बोधन गर्दै उनले चीन र रुसले अमेरिकामाथि जासुसी गरिरहेको प्रसंग उल्लेख गरे । 'उनीहरूले हाम्रो जासुसी गरिरहेका छन्, तर हामी पनि उनीहरूको जासुसी गर्छौं र अझ राम्रोसँग गर्छौं,' ट्रम्पले भनेका थिए ।

अमेरिकी सैन्य कर्मचारी र प्रतिष्ठानलाई लक्षित गरी चीनले गुप्तचर गतिविधि सञ्चालन गरेको आरोपबारे अनुसन्धान भइरहेका बेला उनको यस्तो भनाइ आएको हो ।

अमेरिकी न्याय मन्त्रालयका अनुसार चिनियाँ नागरिक लिरेन 'रायन' लाइ र युएन्स चेनलाई चिनियाँ सरकारको एजेन्टका रूपमा काम गर्ने षड्यन्त्र गरेको अभियोगमा अक्टोबर ३० मा जनही ३० महिनाको जेल सजाय सुनाइएको थियो । उनीहरूले चीनको राज्य सुरक्षा मन्त्रालयको निर्देशनमा अमेरिकी सेनाभित्र गुप्तचर स्रोत भर्ती गर्ने प्रयास गर्नुका साथै संवेदनशील सूचना उपलब्ध गराउने व्यक्तिलाई गोप्य रकम दिने व्यवस्था मिलाएका थिए ।

अदालतका कागजातअनुसार उनीहरूले सन् २०२२ जनवरीमा क्यालिफोर्नियाको लिभरमोरमा 'डेड ड्रप' विधिबाट करिब १० हजार अमेरिकी डलर भुक्तानीको व्यवस्था गरेका थिए ।

उनीहरूले अमेरिकी सैन्य प्रतिष्ठान, नौसेनाका कर्मचारी र सैनिक भर्ती केन्द्रका तस्बिर तथा सम्भावित गुप्तचर लक्ष्यका व्यक्तिगत विवरणसमेत संकलन गरेका थिए । अमेरिकी संघीय अनुसन्धान ब्युरोले सन् २०२५ जुन २७ मा दुवैलाई पक्राउ गरेको थियो । *रासस/एएनआई*

अमेरिकी मध्यावधि चुनावमा डेमोक्रेटको अग्रता

वासिङ्टन– अमेरिकी मध्यावधि चुनावको पूर्वसन्ध्यामा डेमोक्रेटिक उम्मेदवारले रिपब्लिकनको पकड रहेका पाँच राज्यमा सिनेटको प्रतिस्पर्धामा अग्रता लिएका छन् ।

न्युयोर्क टाइम्स र सिएना विश्वविद्यालयको सर्वेक्षणले आयोवामा पनि कडा प्रतिस्पर्धा देखाएको छ । टेक्सासमा जेम्स तालारिकोले रिपब्लिकन केन प्याक्सटनलाई ५०-४३ प्रतिशत, कन्सासमा क्रिस हचामिल्टनले रोजर मार्सललाई ४९-४४ प्रतिशत र मेनमा ग्राहम प्लाटनरले सुसान कोलिन्सलाई ५१-४५ प्रतिशतले पछाडि पारेका छन् ।

ओहायोमा सेरोड ब्राउन र अलास्कामा मेरी पेल्टोला पनि आफ्ना रिपब्लिकन प्रतिस्पर्धीभन्दा अगाडि छन् । आयोवामा डेमोक्रेट जोश टुरेकले ४८ र रिपब्लिकन एस्ले हिन्सनले ४७ प्रतिशत समर्थन पाएका छन् । मिशिगनमा डेमोक्रेटिक उम्मेदवार अब्दुल एल-सायेद ५३ प्रतिशतसहित अगाडि छन् ।

राष्ट्रपति डोनाल्ड ट्रम्पप्रतिको असन्तुष्टि र बढ्दो जीवनयापन खर्च चुनावका प्रमुख मुद्दा बनेका छन् । सर्वेक्षण गरिएका सात राज्यमा ट्रम्पको कार्यसम्पादनलाई ३८ प्रतिशतलेमात्र समर्थन गरेका छन् । जीवनयापन खर्चको मुद्दामा डेमोक्रेटहरूले रिपब्लिकनमाथि नौ प्रतिशत अंकको अग्रता लिएका छन् ।



सिनेटमा बहुमत हासिल गर्न डेमोक्रेटहरूले रिपब्लिकनका कम्तीमा चार सिट जित्नुपर्ने छ । नोभेम्बर ३ मा हुने चुनावमा प्रतिनिधिसभाका सबै ४३५ र सिनेटका ३५ सिटका लागि मतदान हुँदै छ ।

सर्वेक्षणले डेमोक्रेटहरूलाई सिनेटको नियन्त्रण प्राप्त गर्ने सम्भावना देखाए पनि अन्तिम नतिजा मतदाताको निर्णयमा निर्भर रहने छ । *रासस/एएनआई*

इरानमाथि आक्रमण गर्न नेतान्याहुको दबाब

वासिङ्टन– इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुले अमेरिकी मध्यावधि निर्वाचनलगत्तै इरानमाथि सैन्य कारबाही पुनः सुरु गर्न राष्ट्रपति डोनाल्ड ट्रम्पलाई आग्रह गरेको एक प्रतिवेदनले जनाएको छ ।

समाचार संस्था एक्सियोसका अनुसार शनिबार दुई नेताबीच इरानसँगको वार्ता र सम्भावित सैन्य कारबाहीबारे टेलिफोनमा छलफल भएको थियो । ट्रम्पले भने आइतबार फोन वार्ता 'धेरै राम्रो' भएको बताए ।

नेतान्याहु सैन्य कारबाहीका पक्षमा रहेको र ट्रम्प तत्काल वार्ता जारी राख्न चाहेको प्रतिवेदनमा उल्लेख छ । ट्रम्पले कूटनीतिक प्रयाससँगै सैन्य विकल्प पनि खुला राखेको जनाइएको छ ।

यसैबीच, अमेरिकी उपराष्ट्रपति जेडी भान्सले इरानका राष्ट्रिय सुरक्षा प्रमुख मोहसेन रेजाईलाई वार्ता पुनः सुरु गर्ने सम्भावनाबारे पत्र पठाएका छन् । कतारी मध्यस्थकर्ताले पनि लगातार तेस्रो दिन इरानी अधिकारीहरूसँग भेटवार्ता गरेका थिए ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले भने वार्तामा सहमति भइनसकेको बताउँदै कूटनीतिक समाधानका लागि प्रयास भइरहेको जनाएका छन् । उनले अमेरिकाले कूटनीतिक मार्ग रोज्ने अपेक्षा व्यक्त गरेका छन् । *रासस/एएनआई*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४


प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन / तेजाबी सुन / चाँदी

प्रति तोला -	प्रति तोला -	प्रति तोला -
२,७४,३००	०	३,७२०



'विपद्का बेला नेपाल टेलिकमलाई तयारी अवस्थामा राख्नुपर्छ'



■ प्रभाव संवाददाता

काठमाडौं– सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले विपद्को समयमा नेपाल टेलिकमलाई तयारी अवस्थामा राख्नुपर्ने बताएका छन् ।

गत भदौ १० गतेको भोटेकोशी बाढीका कारण अवरुद्ध भएको दूरसञ्चार सेवा छिटो पुनःस्थापना गर्न योगदान गर्ने कर्मचारीलाई सम्मान गर्न आयोजित कार्यक्रममा उनले विपद्का बेला पाँच सेकेण्डअघि खबर पाउनेको जीवन बचेकाले दूरसञ्चार सेवालाई तयारी अवस्थामा राखिनुपर्नेमा जोड दिए । सबै सरोकार भएका संघसंस्थाबीचको सहकार्य र समन्वयमा काम गरेकाले बाढी प्रभावित क्षेत्रमा छिटो दूरसञ्चार सेवा सञ्चालन गर्न सकिएको उनले बताए ।

'विपद्का बेला टेलिकमका कर्मचारीले तोकिएभन्दा बढी काम गरेका छन्, जसका कारण बाढी प्रभावित क्षेत्रमा छिटो दूरसञ्चार सेवा दिन सकियो । ऊर्जा मन्त्रालयले पनि युद्धस्तरमा काम गरेर ऊर्जाका संरचना बनायो, यसले पनि दूरसञ्चार सेवा पुनः सुरु गर्न सजिलो भएको हो', मन्त्री तिमिल्सिनाले भने ।

नागरिकले टेलिकमबाट धेरै आशा गरेको उल्लेख गर्दै मन्त्री तिमिल्सिनाले निजी कम्पनीले जस्तै छिटो सेवा दिने क्रमलाई बढाउनुपर्ने बताए । एउटा कर्मचारीले बोल्ने शब्दले कम्पनीको प्रतिष्ठामा प्रभाव पार्ने भएकाले यसतर्फ सचेत हुन पनि उनले निर्देशन दिए ।

प्रविधिले फड्को मारेको अहिलेको युगमा टेलिकममा सकारात्मक परिवर्तन देख्न खोजेको पनि मन्त्री तिमिल्सिनाले बताए । बलियो, सबल र जनमुखी टेलिकम भए सबैको हित प्रवर्द्धन हुने भएकाले त्यस अनुरूप काम गर्नुपर्नेमा पनि उनले जोड दिए ।

संस्थाको सुशासन, सबलीकरणमा काम गरेर अर्कोपटक सर्यौं कर्मचारीलाई सम्मान गर्न पाइने मन्त्री तिमिल्सिनाले विश्वास व्यक्त गरे । टेलिकमलाई नागरिकको हितमा काम गर्ने कम्पनीका रूपमा विकास गर्न पनि उनले निर्देशन दिए ।

टेलिकमका प्रबन्ध निर्देशक सङ्गीता पहाडी अर्यालले यसअघि प्रत्येक वर्ष उत्कृष्ट काम गर्ने कर्मचारीलाई वार्षिकोत्सवका बेला सम्मान गर्ने गरिएकामा भोटेकोशी बाढीपछि छिटो सेवा दिन योगदान गर्नेलाई यसपटक सम्मान गरिएको उनले बताइन् ।

मन्त्रालयका सचिव एवं टेलिकम सञ्चालक समितिका अध्यक्ष राजेन्द्रकुमार पौडेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा टेलिकम वायरलेस निर्देशनालयका निर्देशक कृष्णप्रसाद भण्डारी, सम्मानितमध्येबाट इञ्जिनीयर निशान्त नेपाललगायतले विपद्का बेला अवरुद्ध भएको सेवालाई सञ्चालन गर्दाका अनुभव सुनाएका थिए ।

त्यसअघि मन्त्री तिमिल्सिनाले बबरमहलमा नवनिर्मित हुलाक प्रशिक्षण केन्द्र भवनको निरीक्षण पनि गरेका थिए । हुलाक सेवा विभागका महानिर्देशक र केन्द्रका कार्यालय प्रमुखले उनलाई नवनिर्मित भवनका बारेमा जानकारी गराएका थिए ।

सुनकोशी–मरिण आयोजनाको ठेक्का प्रक्रिया अघि बढाउन निर्देशन

■ प्रभाव संवाददाता

काठमाडौं– प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सुनकोशी-मरिण डाइभर्सन बहुउद्देश्यीय राष्ट्रिय गौरवको आयोजनाको ठेक्का प्रक्रिया संशोधित ऐन तथा नियमावलीअनुसार तत्काल सुरु गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई निर्देशन दिएको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार बिहान बसेको बैठकमा उक्त निर्देशन दिइएको हो । बैठकमा मन्त्रालयले राष्ट्रिय गौरवको आयोजनालाई निर्धारित समयमै सम्पन्न गर्न आवश्यक प्रक्रिया अघि बढाउने प्रतिबद्धता जनाएको छ ।

सरकारले यसअघि राष्ट्रिय गौरवको सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको ठेक्का प्रक्रियामा गम्भीर कानुनी तथा प्रक्रियागत त्रुटि भएको पाइएपछि ठेक्का प्रक्रिया रद्द गर्ने निर्णय गरेको थियो । आयोजनाको प्राविधिक प्रस्ताव स्वीकृत भई यही कात्तिक १६ गते आर्थिक प्रस्ताव खोल्ने कार्यतालिका तय भइसकेको अवस्थामा कानुनी व्यवस्थाको पालना नभएको देखिएपछि सरकारले खरिद प्रक्रिया रद्द गरेको हो ।

बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव डा. जगदीश्वर कर्माचार्य, सिँचाइ विभागका महानिर्देशक दिनेश रजौरिया, आयोजनाका प्रमुख कृष्णप्रसाद रिजाल र आयोजनाका इञ्जिनियरहरूको सहभागिता थियो । गत भदौ ३ गते सार्वजनिक खरिदसम्बन्धी नियमावली



संशोधन गर्दै सरकारले मूल नियमावलीमा नियम २६ (क) थप गरेको थियो ।

उक्त नयाँ व्यवस्थाअनुसार रु एक अर्ब ५० करोडभन्दा बढी लागत अनुमान भएका ठूला तथा जटिल निर्माणका लागि प्राविधिक र आर्थिक प्रस्तावको अंकभार बोलपत्र (टेन्डर) कागजातमै अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने व्यवस्था गरिएको छ । तर, राजपत्रमा संशोधित नियमावली प्रकाशित भइसकेपछि पनि आयोजनाले भदौ १० गते उक्त व्यवस्थालाई बेवास्ता गर्दै पुरानै प्रावधानअनुसार प्राविधिक प्रस्ताव खोलेको थियो ।

नयाँ कानुनी व्यवस्था लागू भइसकेको अवस्थामा पुरानो प्रावधानका आधारमा खरिद प्रक्रिया अघि बढाइनुले आयोजनाको कानुनी अनुपालनमाथि गम्भीर प्रश्न खडा गरेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ को उपदफा (२) मा ऐन वा नियमको प्रतिकूल हुने गरी गरिएको खरिद कार्य बदर तथा अमान्य हुने व्यवस्था छ ।

संशोधित कानुनी व्यवस्थाअनुसार आवश्यक प्रक्रिया पूरा नगरी ठेक्का प्रक्रिया अघि बढाइएको देखिएपछि सरकारले खरिद प्रक्रिया रद्द गरी कानुनी त्रुटि सच्याउने निर्णय गरेको हो । बोलपत्रसम्बन्धी कागजात (बिड डकुमेन्ट) मा गत साउन ४ गते गरिएको छैटौं संशोधनमा समेत शङ्कास्पद परिवर्तन गरिएको पाइएको छ । उक्त संशोधनमार्फत विशिष्ट अनुभवसम्बन्धी मापदण्डबाट 'इन्टेक' विकल्प हटाइएको छ । यसका अतिरिक्त विशिष्ट अनुभवसम्बन्धी मापदण्डका लागि विदेशी मुद्रालाई नेपाली रूपैयाँमा रूपान्तरण गर्ने विधि, मूल्य समायोजन तथा निर्माण व्यवसायीका दाबीसम्बन्धी प्रावधानमा परिवर्तन गरिएको छ ।

ठेक्का प्रक्रियाका महत्वपूर्ण सर्त तथा मापदण्डमा गरिएको यस्तो संशोधनको औचित्य, आधार र प्रभाववारे गम्भीर प्रश्न उठेको छ । विशेषगरी अनुभवसम्बन्धी मापदण्डबाट 'इन्टेक' विकल्प हटाउनुको कारण के थियो ? विदेशी मुद्राको रूपान्तरण विधि, मूल्य समायोजन तथा निर्माण व्यवसायीका दाबीसम्बन्धी प्रावधानमा परिवर्तन गर्नुको आवश्यकता र आधार के थियो ? यी विषयमा सम्बन्धित निकायले स्पष्ट जवाफ दिनुपर्ने देखिन्छ ।

संशोधनले बोलपत्रदाताको योग्यता निर्धारण, प्रतिस्पर्धाको दायरा तथा खरिद प्रक्रियाको निष्पक्षतामा कस्तो प्रभाव पारेको छ भन्ने विषयमा निष्पक्ष छानविन आवश्यक छ । यसप्रकारको गम्भीर कानुनी तथा प्रक्रियागत त्रुटि हुँदाहुँदै पनि सरकार र तालुकदार मन्त्रालय महिनौंसम्म के हेरेर बसे भन्ने गम्भीर प्रश्न उठेको छ । आर्थिक प्रस्ताव खोल्ने अन्तिम तयारी भइरहेका बेला मात्रै सरकारको ध्यान पुग्नुले आयोजना व्यवस्थापन तथा सम्बन्धित निकायको अनुगमन र निगरानी प्रणालीमाथि प्रश्न खडा गरेको छ ।

रिलायबलको राष्ट्रव्यापी अभियान

काठमाडौं (प्रस)– रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडले देशका ७७ वटै जिल्लामा जीवन बीमाको पहुँच विस्तार गर्ने उद्देश्यसहित राष्ट्रव्यापी सचेतना अभियान तीव्र पारेको छ ।

'जीवन सुरक्षा, आर्थिक आत्मनिर्भरता र समृद्ध भविष्यको साझा आधार' भन्ने मूल नाराका साथ कम्पनीले बीमालाई केवल बचतको माध्यम मात्र नभई परिवारको आर्थिक सुरक्षा र जोखिम व्यवस्थापनको भरपर्दो उपायका रूपमा अगाडि ल्याएको छ ।

बढ्दो अनिश्चितताका बीच परिवारको आर्थिक भविष्य सुरक्षित गर्न र समाजमा वित्तीय साक्षरता अभिवृद्धि गर्न यो अभियानले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

हार्दिक बधाई तथा मंगलमय शुभकामना

किसान बहुउद्देश्यीय सहकारी संस्था लि. लम्की, कैलाली

स्थापनाको ३१ वर्ष पूरा गरी ३२ औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा संस्थाका सम्पूर्ण सेयर सदस्य, सञ्चालक समिति, कर्मचारी वर्ग तथा शुभेच्छुकहरूमा हार्दिक बधाई ज्ञापन गर्दै उत्तरोत्तर प्रगतिको मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

SMD SMART MEDIA PVT. LTD.
Dillibazar, Kathmandu, smdsmartmedia@gmail.com

यारी भन्सारको राजस्व लक्ष्यभन्दा तीन गुणा बढी

हुम्ला (प्रस)– चीनसँग सीमा जोडिएको हुम्लाको उत्तरी नाका हिल्सास्थित यारी भन्सार कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा कर्मचारी अभाव, इन्टरनेट, सञ्चार, सडक र मौसम प्रतिकूलताबीच लक्ष्यभन्दा तीन गुणाभन्दा बढी राजस्व संकलन गरेको छ ।

उक्त कार्यालयका प्रमुख रामराज जैसीका अनुसार त्यस आवमा रु छ लाख दुई हजार राजस्व संकलन गर्ने लक्ष्य राखिएकोमा लक्ष्यको तुलनामा तीन गुणाभन्दा बढी अर्थात रु १९ लाख छ हजार संकलन भएको जानकारी दिए ।

उनका अनुसार चालु आर्थिक वर्ष २०८३/८४ मा रु छ लाख ४३ हजार राजस्व संकलन गर्ने लक्ष्य राखिएमा हालसम्म रु दुई लाख राजस्व संकलन भएको छ । त्यस नाकाबाट आयात सिमेन्ट, छड तथा अन्य विलासिताका सामग्री आयात हुँदा अन्तःशुल्कसमेत उठ्ने गरेको पाइएको छ । भन्सारसम्बन्धी अनलाइन प्रणाली सञ्चालन गर्न आवश्यक इन्टरनेट सेवा प्रभावकारी नहुँदा दैनिक कामकाजमै रेकर्ड राख्नुपर्ने बाध्यता रहेको उनले जानकारी दिए । उक्त भन्सार कार्यालयमा भौगोलिक विकटता र प्रतिकूल मौसमका कारण कर्मचारीको समेत अभाव रहेको बताइएको छ । त्यस क्षेत्रमा पुग्ने सडक पहुँचको असहज अवस्था र बारम्बार हुने हिमपातले कर्मचारीलाई स्थायी रूपमा टिकाउन समस्या परेको जानकारी दिइएको छ ।

गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनी दुई दिन थप

ललितपुर (प्रस)– निरन्तर वर्षाका कारण दर्शकलाई अवलोकनमा असुविधा भएपछि ललितपुरको जावलाखेलमा सञ्चालन भइरहेको १९औं गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनीको अवधि दुई दिन थप गरिएको छ ।

आयोजक फ्लोरिकल्चर एसोसिएसन नेपाल (फ्यान) का अध्यक्ष राजेशभक्त श्रेष्ठले दिएको जानकारीअनुसार कात्तिक १२ गतेदेखि १६ गतेसम्म सञ्चालन गर्ने तय गरेको प्रदर्शनी अब कात्तिक १८ गतेसम्म सञ्चालन हुने भएको छ । वर्षाका कारण दर्शकलाई प्रदर्शनी अवलोकन गर्न असुविधा भएको भन्दै थप दुई दिन प्रदर्शनी सञ्चालन गर्ने निर्णय भएको उनले जानकारी दिए ।

'रोपौं फूल गोदावरी, सजाऔं घर आँगन वरिपरि' भन्ने नाराका साथ आयोजित प्रदर्शनीमा विभिन्न प्रजातिका गोदावरी फूल तथा पुष्प सजावटका सामग्री राखिएका छन् । फ्यानका वरिष्ठ उपाध्यक्ष एवं मेला संयोजक रामबहादुर तामाङले दिएको जानकारीअनुसार आइतबार साँझसम्म मेलामा २३ हजारभन्दा बढिले अवलोकन गरेको र ७५ लाखभन्दा बढीको कारोबार भएको जानकारी गराए ।

मौसमजन्य स्वास्थ्य समस्याबाट सुरक्षित बनौं



- नियमित रूपमा साबुन पानीले हात धुने बानी बसालौं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना खाऔं,
- खोक्दा वा हाछ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी, कोशी प्रदेश, नेपाल

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरूपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रूपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी र उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरूपमा फेर वदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।

वस्तु तथा सेवामा समान पहुच गुणस्तरीय वस्तुको छनौट मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुयाउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ